Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १, २०८० साल साउन ९ गते मंगलबार (Jul 25t, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइल: ९८५१०८७१५६**
Email : janaakash.com.np@gmail.com

# देशमा राजनीतिक अन्यौलता कायमै !

मोहन कार्की ।

**१ देशमा रोजगार सृजना गर्ने उद्योग छैनन् ।**
**२ ब्यापारको नाममा विदेशी सामान बेच्ने ट्रेडिङग मात्र छन् ।**
**३ जलविद्युतको कुरा धेर उत्पादन थोर ।**
**४ कृषि क्षेत्रको अनुदान काजगमा मात्र सिमित ।**
**५ सरकार कसरी चल्छ किन चल्छ जनतालाई छु मतलव ।**

काठमाडौ । नेपालमा राजनीतिक परिवर्तन खोज्न थालिएको झण्डै एक दशक पुग्न लागेको छ । अलि पर नगईकन राणाकालीन शासनलाई ढालेर प्रजतन्त्र भनिएको व्यवस्था ल्याएको नै ७३ बर्ष भईसकेको छ । त्यसलाई पनि प्रजा परिषदको ईतिहाँस जोड्ने हो भने ८० बर्ष भएको छ । गणतन्त्र स्थपना गरेको २०६५ साललाई मान्दा १६ बर्ष लागेको छ । तै पनि राजनीतिक स्थाईत्व देशले पाउन सकेको छैन ।

कहिले कुन पार्टीको सरकार बन्छ । पार्टीको नीति एउटा हुन्छ। सरकारमा गएपछि व्यवहार अर्को हुन्छ । यो क्रमश: चल्दै आएको छ । यस्ता चलनहरु विगतदेखि वर्तमानसम्म यथावत छन् । कहिले कुन पार्टीको नाममा अमुक नेताहरुलाई सरकारमा पुग्न मन लागेको हुन्छ र त्यसै नेताहरुले यो व्यवस्था ठिक छैन अर्को के के नाम दिएका गफ चुट्ने तरिका अपनाउछन् । कसैले क्रान्ति भने, कसैले जन आन्दोलन भने नाम जे जे दिएपनि अन्तमा देशलाई विगारेर होस् वा आफ्नै देशभित्रका मानिसहरुलाई बिभिन्न आरोप लगाएर मारेर हुन्छ वा तर्साएर भएपनि सरकारमा आफु पुग्न गरेका कर्म वाहेक अरु केही देखिदैन । रामेको ठाउँमा स्यामे, स्यामेको ठाउँमा काले, कालेको ठाउँमा गोरे, यस्तै यस्तै । नेपालका क्रान्ति, जन आन्दोलन, सत्यग्रह जनयुद्ध जे जे नाम दिएका भएपनि सरकारमा पुग्न सत्ताको रस चाख्न गरिका आन्दोलन वाहेक अरु केही काम गर्न लायक हुन जस्तो देखिदैन । जनताले लगाउने आरोपलाई आधार मान्ने हो भनेत झनै विदेशीका गोटी अर्थात सिक्किमीकरण गर्न नेपाललाई कमजोर बनाएर नेपालको अस्तित्व नै मेटाउनेसम्म आरोप वेला बखतमा राजनीतिक पार्टीका सरकारमा रहेका महत्वपूर्ण व्यक्तिहलाई लाग्ने गरको छ । त्यो कति सत्य हो । समय र अवस्थाले निर्धारण गर्दै जाला ।

अहिलेको वर्तमान राजनीतिमा देखिएको अन्यौलता पूराना भनिएका काँग्रेस,एमालेलाई जनताले फाटेको कपडाको रुपमा र थोत्रो भइसकेको जनाउ दिएकमा छन्। २०५२ सालवाट नेकपा माओवादीको रुपमा स्थापना भएको विगतको मशाल बर्तमानको नेकपा माओवादी केन्द्र २०६४ सालदेखि ३ पटक सरकारको सत्ताको रस चाख्ने ठाउमा नेतृत्व गरिरहेको छ। भने स्थानीय निकायमा पनि तेस्रो स्थानको हैशियतमा स्थानीय सरकार चलाई रहेको छ। केही केही छिट्टफुट स्थानीय निकायमा राप्रपा, जसपा लगायतका पार्टीको पनि नाम अलि अलि छ। जसमा सवै पुराना नेताहरु जो विगतमा नेपाली काँग्रेस, एमाले, माओवादीका कार्यकर्ता नै असनतुष्टि भएर पाखा लागेकाहरु नै जसपा, वा अन्य दलवाट चुनाव जितेका हुन् ।

यसरी हेर्दा देशमा तीन तहको सरकार छ र संघ, प्रदेश, स्थानीय-स्थानीय तहमा गाउँसभाले प्रदेश र संघसँग नबाझिने गरी आफ्ना स्थानीय कानुनहरु बनाउन सक्नेछ। प्राकृतिक स्रोत साधनको प्रयोग गर्न सक्ने छ । यसरी धैरै प्रकारका अधिकार प्रत्यायोजित गरेको छ । तर पनि स्थानीय तह, प्रदेश, संघमा जनतामा अहिले नेतृत्व गरिरहेका पार्टी, व्याक्तिहरुमा विश्वासको वातावरण बनेको देखिदैन । जनताले प्रश्नहरु गरिरहेका छन् । देशमा नै रोजगार सृजर्ना गर्ने काम किन गर्दैनन् हाम्रा छोराछोरी विदेश जान रोक्न विदेशमा जतिकै अवसर याहा सृजना किन गर्दैनन् । यस्ता प्रश्नहरु जतातत‍ै सुनिन्छ । यस्तो जनताको मुल मर्मको विषयमा सम्भावित क्षेत्रहरु पहिचान गरेर आत्मनिर्भर नीति देशको कुनैपनि सरकारले गरेको देखिदैन कागजमा उल्लेख गरेपनि

बाँकी ६ पष्ठमा

## न्युरोडमा करोडभन्दा माथि मुल्यका सवारी साधन धनीलाई लाग्दैन कानुन

काठमाडौ । काठमाडौ महानगरपालिका अर्न्तगत विगत १ बर्ष यता भएका कामहरु प्रशंसा गर्न लायक छन् । सडकमा हुने अव्यवस्थित पार्किङ हटाउने देखि सार्वजानिक सम्पति हडपेर अव्यवस्थित व्यवसाय गर्नेहररुलाई हटाएर सफा शहरको अनुभुत गराउन पत्यासरत काठमाडौ महानगरपालिकाको काम प्रशंसालायक नै छ । यो कामको तिव्र आलोचना भएपनि सामाजिक परिवर्तनको लागि ठिक नै छ । त्यैंगरी कतिपय ठाउमा काठमाडौ महानगरपालिकाको नजर नपुगेको पनि ठाउँ रहेछ । कुनैबेला बागबजार एरियामा एकसाइ बाइक पार्किङ गरेको देखिन्थ्यो अहिले त्याहा त्यस्तो देखिदैन ।

त्यस्तै सडकनै कुरुप हुनेगरी अचेल न्यूरोडको भुगोलपार्क क्षेत्रको सिदार्थ बैक अगाडी करोडभन्दा माथिका सवारी साधन लाइनै पार्किङ गरेर राखेको देखिन्छ । यो ठाउलाई यसरी पार्किङ गर्न दिदा दिउसो मानिसहरु जाममा परेर अस्तव्यस्त भएको देखिन्छ। के त्याहा महानगरको नजर नपुगेको हो ? कि करोडभन्दा माथि मुल्य पर्ने सवारी साधन चढ्नेलाई कानुन नलाग्ने हो । *हेर्नुस फोटोमा ।*



## कपन बानेश्वरको वार्षिकोत्सबमा सम्मान अर्पण


काठमाडौ । कपन बानेश्वर साहित्यिक साप्ताहिक एघार वर्ष पुरा गरी बाह्व वर्ष लागेको अवसरमा साउन ५ गते शुक्रबार विशेष कार्यक्रम आयोजना




गरी सम्मान तथा पुरस्कार अर्पण गरेको छ । पत्रिकाका सल्लाहकार वरिष्ठ उपन्यासकार शङ्कर भारतीको सभापतित्वमा भएको सो कार्यक्रममा साहित्यकार विमल अर्याललाई वरिष्ठ साहित्यकार प्राध्यापक जगतप्रसाद उपाध्यायले प्रमाणपत्र, दिव्य गिरीले खादा, गायक पुष्कर जङ्गमले माला, पत्रकार गङ्गाप्रसाद भेटवालले सास प्रदान गरी कबा विशिष्ट सम्मान अर्पण गर्नुभयो ।

साहित्यिक पत्रकार मुरारि सिग्देललाई वरिष्ठ साहित्यकार विजय चालिसेले प्रमाणपत्र, किशोर पहाडीले खादा, रामप्रसाद पन्तले माला, प्रवीण जोशीले सास र केशव सान्दाइले नगद प्रदान गरी महेन्द्र चालिसे कबा साहित्यिक पत्रकारिता पुरस्कार २०७९ अर्पण गर्नुभएको थियो ।दिवाकरप्रसाद आचार्यलाई नालाङ्ग कबा रचना पुरस्कार २०७९, शान्ति रिसाललाई पुष्करप्रसाद श्यामा खरेल कबा रचना पुरस्कार २०७९, रमेशचन्द्र घिमिरेलाई गङ्गा लिगल कबा रचना पुरस्कार २०७९, युगीन नेपाललाई हेमगङ्गा कबा रचना पुरस्कार २०७९ र तिलक पोखरेल (म्यान्मा ) लाई कबा रचना पुरस्कार २०७६ अर्पण गरिएको थियो । वहाँहरुलाई क्रमश वेदमणि घिमिरे,गौरीआचार्य,अच्युतप्रसादपौडेल चिन्तन, चेतनाथ धमला, विनोद रुपाखेतीले प्रमाणपत्र, वासुदेव गुरागाइ, अरुणा खरेल, रामचन्द्र दाहाल, विक्रम श्रेष्ठ सागरले खादा, ओमप्रसाद कोइराला, करुणा खरेल, राधेश्याम लेकाली, पुरुषोत्तम ढुङ्गेल, कात्यायनले माला, शितल गिरी, डा गीता खरेल, रजनी बस्नेत, अस्विनि कोइरालाले सास र माधवलाल श्रेष्ठ, संचिता खरेल, गङ्गा लिगल, कविता आचार्य, प्रशुराम अधिकारीले नगद समर्पण गरेर पुरस्कृत गर्नुभएको थियो । सभापति शङ्कर भरतीले स्वागत, कार्यक्रम सञ्चालक विमल कोइरालाले धन्यवाद र पुरस्कृतहरुको तर्फबाट दिवाकरप्रसाद आचार्य र रमेशचन्द्र घिमिरेले मात्र छोटो सम्बोधन गर्नुभएको थियो ।त्रिलोचन आचार्य, दुर्गा अधिकारी भमरकोटे र पविता न्यौपाने काफ्लेले पुरस्कृतहरुको बारेमा रचना वाचन गर्नुभएको थियो ।

सहभागीहरु मध्येबाट तारा खड्काले भाग्यशाली पुरस्कार जित्नुभएकोले शरदा आचार्यले खादा र नगद प्रदान गरी सम्मानित गर्नुभएको थियो ।नेपालको पहिलो र एक मात्र साहित्यिक साप्ताहिक पत्रिका कपन बानेश्वर २०६९ सालदेखि हरेक शुक्रबार निरन्तर रुपमा प्रकाशित हुदै आएको छ ।



...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सुजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### दुईखालको शैक्षिक नीति बन्द गरौ

नेपालमा शैक्षिक क्षेत्रमा देखिएको दुई खलका शैक्षिक अवस्थालाई सधैंको लागि बन्द गरौ । किनकी यसो गर्न सकियो भने नेपाली बीचमा नै दुई खालका नागरिक जस्तो भाव अन्त्य हुन्छ । समानताको समान प्रतिस्पर्धा हुन्छ । कुनैपनि नागरिकले छोराछोरी महगा कलेज, स्कुलमा पढ्ने देखासेखीको अन्त्य हुन्छ र तिनै असिमित चाहाना राखेर जिद्दी गर्ने छोराछारीलाई महगा स्कुल, कलेजमा पढाउन समाजमा अवाच्छित गतिविधि गर्नुपर्ने बाध्यता आउदैन । समाजमा अपराध न्युनिकरण हुन्छ । भ्रष्टचार न्युनिकरण हुन्छ । शिक्षाले नै देशको समाज, अवस्था भविष्य बनाउने हो । त्यसैले शिक्षा क्षेत्रमा देखिएका यस्ता दुई खालका नीति बन्द गरेर सरकारले एकै खालको नीति तर्जुमा गर्न ढिला गर्नु हुदैन ।

अहिले शैक्षिक क्षेत्रमा प्लस टुको भर्ना खुलिसकेको छ । कलेजहरुहरुमा विद्यार्थीहरुको भर्ना गर्ने लाइन लामो देखिन्छ । एस ईई दिएर बसेका नयाँ पुस्ताहरुको रिजल्ट आइसकेपछि कलेजहरुमा भीड लाग्न थालेको हो । यस्तो भीड सरकारी कलेजसँगसँगै नीति कलेजहरुमा पनि देखिन्छ ।

झनै महगा कलेजमा त भर्ना गराउन विद्यार्थी तान्न स्कुल स्कुलमा एस ईई दिदा नै विद्यार्थीहरुलाई कलेजहरुको बारेमा चर्चा गर्न एजेन्ट नै परिचालन गरेर योजना बनाउन थालेका कलेजहरुले लिने शुल्कको बारेमा सुन्यौ भने पनि नब्बे डिग्रीको जरो फट्छ । किनकी नेपालीको औसत आम्दानी को झण्डै एकतिहाई रमक महगा कलेजहरुले लिने शुल्क हुन्छ । एकजना मानिसको सरदर मार्षिक तलव सरदर ३०००० हुन्छ । तर नीति महगा कलेमा लिने शुल्क झण्डै ३०००० हजार देखि ५०००० हजार सम्म फीस लिने कलेजहरु काठमाडौ उपत्यका तथा नेपालका अन्य क्षेत्रिय नीति कलेमा लिने गरेको देखिन्छ ।

यस्तो महगो रकम तिर्न सक्ने हैशियत ठुला व्यापारी, तस्कर, भ्रष्टाचारी, कालो बजारी गर्ने, मिटर ब्याजमा पैशा लगानी गर्ने, यस्ताहरुको लागि त यो रकम सामान्य नै होला तर समान्य नागरिक जो अरवको भुमिमा गएर छोराछोरीको पढाई राम्रो होस भनेर नीति बोडिड स्कुलमा बच्चा पढाउने देखासेखी गरेका र भ्रष्ट, तस्कर हरुको छोराछोरीसँग स्कुल पढेका साथी सँगतमा परेर महगो कलेज छान्ने बाउ आमाको अवस्था यो रकम तिर्न सक्छन् ।

तिर्न सक्नेले रोइ कराई वा ऋण धन गरेर पढाउलान् । नसक्नेले सामान्य कलेजमा पढन भन्दा छोराछोरी पढ्न मान्दैनन् । कतिले त महगो कलेजमा भर्ना नगरिदिने हो भने पढ्न नै छाड्छन् । यसको समस्या दुई खालको नीति नै हो । यस्तो अवस्था दुई खालको शिक्षाको नीतिले नै ल्याएको हो ।

**के महगो कलेजमा भर्ना हुने बित्तिक्कै छ मन्तर हुन्छ त ?**

आखिर शिक्षा भनेको शिक्ने, पढ्ने र दिर्घकालीन सोच बनाएर नीतिगत रुपमा व्यवहारमा उतार्न सक्ने मानिस नै शिक्षित हो । त्यसैको लागि शिक्षा चाहिएको हो । जसले समाजलाई समेटेर समग्र हितको लागि काम गरोस् र त्यही समाजको अगुवा र प्रेरणा उत्कृष्ट शिक्षा लिएको मानिसले बनाएको योजना बनोस् । लक्ष्य यति नै हो ।

**कोही विद्यार्थी लद्दु र कोही किन अब्बल हुन्छन् ?**

किताब एउटै पढाइन्छ, त्यो इगलिसमा होस कि नेपालीमा, त्यो सरकारीमा होस कि नीति कलेमा, सन्दर्भ एउटै हुन्छ । शिक्षक उस्तै हुन्छन् । अझ भन्ने हो भने सरकारी कलेजमा त सरकारले शिक्षा आयोगको जाच लिएर छानेका उत्कृष्ट शिक्षकहरुले शिक्षण गराएका हुन्छन् ।

समग्रमा मेहनत गर्ने विद्यार्थीले पढ्ने भनेको किताब हो, किताबमा भएको बिषय पढेर आफ्नो मौलिक लेखन तिखार्ने र उत्कृष्ट हुने हो । त्यो नीजि कलेजमा होस वा सरकारीमा किन नहोस् । ति मेहनति विद्यार्थीहरुले प्रगति गरेकै छन् ।

तर यो विषय बस्तु भन्दा पर गएर शैक्षिक माफियाहरुले नीजि स्कुल, कलेज राम्रा हुन्छन् । गुणस्तर हुन्छन् । भन्ने हौवा फैलाएर समाजलाई पुजी लगानी नगरेसम्म शैक्षिक ज्ञान लिन सकिदैन भन्ने भान पारेका छन् । त्यसैको असर पढ्न नै ऋण गरेर भएभरको जेथा सक्कि सकेको हुन्छ । अनि त्यो विद्यार्थी लाइन बसेर प्लस टु पास गर्ने बित्तिक्कै विदेशमा अर्काको भाडा माज्न नगएर काहा जाओस् त !

यस्तो अवस्था दुई खालका शिक्षा नीतिले गर्दा देशै खाली हुनेगरी पढ्ने नाममा युवा जति देश छोडेर गइरहेका छन् । आमा-बुवाले बुढेसकालमा बिरामी हुदा एक गिलास तातोपानी पिलाउने साथ पाउन छोडेका छन् । यो अवस्था शिक्षा क्षेत्रमा आएको बेतिथिले ल्याएको हो ।

त्यसकारण प्यारा प्यारा भाइबहिनीहरु शैक्षिक क्षेत्रमा महगा कलेजमा पढेर मात्र जानिने होइन । किताबमा विषय बस्तु पढेर ग्रहण गरी त्यस शिक्षालाई लागु गर्ने तरिका नै शिक्षा हो । ठुला भवन, फराकिला मैदान, चिल्ला मार्बल टासेर बनाएका भवनमा भर्ना गर्ने बित्तिक्कै जादुको छडी हुदैन । अभिभावको आर्थिक अवस्था र आफ्नो जिवन पद्धतिलाई यस्तै उमेरमा बुझ्न सक्यो भने मात्र देशको असल नागरिक बन्ने प्रेरणा जाग्छ । युवा पुस्ताले यस्ता असल कार्यहरु बुझनुपर्छ भने सरकाले बिग्रदै गएको शिक्षा क्षेत्रलाई संगाल्न दुई खाले शैक्षिक नीति तुरुन्तै संशोधन गरेर समानताको आधारमा कायम गर्नुपर्छ ।

# संयुक्त जनआन्दोलनका सिद्धान्तकार



हस्तबहादुर केसी

पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीको संस्थापक, नेपाली कम्युनिस्ट आन्दोलनका अथक क्रान्तिकारी योद्धा र संयुक्त जनआन्दोलनको सिद्धान्तकार हुनुहुन्छ । आजभन्दा ७४ वर्षपहिले अर्थात् विक्रम संवत् २००६ वैशाख १० (सन् १९४९ अप्रिल २२) का दिन भारतको कलकत्तामा एक बङ्गालको घरमा कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी स्थापना गरिएको थियो । नेपाल कम्युनिस्ट पार्टीका अन्य संस्थापक सदस्यमा निरञ्जनगोविन्द वैद्य, रामविलास जोशी र नरबहादुर कर्माचार्य हुनुहुन्छ । पार्टी स्थापनाको सुरुमै कमरेड पुष्पलाललाई नेपाल कम्युनिस्ट पार्टीको महासचिवमा निर्वाचित गरिएको थियो । त्यसैले कमरेड पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव हुनुहुन्छ ।

पुष्पलाल नेपाली संयुक्त जनआन्दोलनको सिद्धान्तकारसमेत हुनुहुन्छ । किनभने २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्र शाहद्वारा सैनिक 'कु' गरी प्रजातान्त्रिक बहुदलीय व्यवस्थालाई अपदस्थ गरेर ३० वर्ष निरङ्कुश तथा तानासाही एवं निर्दलीय पञ्चायती व्यवस्था लागु गरियो । नेपाली कांग्रेस, नेपाल कम्युनिस्टलगायत सम्पूर्ण राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाइयो । नेपाली कांग्रेसका सभापतिसमेत रहेका जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालगायत नेपाली कांग्रेस, कम्युनिस्ट पार्टीका दर्जनौं अगुवा नेताहरूलाई जेलमा कैद गरेर देशमा निरङ्कुश तथा तानासाही पञ्चायती व्यवस्था लादियो ।

राजनीतिक दलमाथि प्रतिबन्ध लगाएर नेपाली जनताका सम्पूर्ण राजनीतिक अधिकार खोसियो । मुलुकलाई ३० वर्षसम्म अन्धकारमा कैद गरियो । पार्टीका नेतालाई भारत प्रवासमा आश्रय लिन बाध्य पारियो । नेपाली कांग्रेस, नेपाल कम्युनिस्टलगायत सम्पूर्ण राजनीतिक पार्टी प्रतिबन्धित अवस्थामा भूमिगत गतिविधि सञ्चालन गर्न बाध्य पारियो । पुष्पलालले भने जीवनको अन्तिम घडीसम्म अर्थात् २०३५ साल साउन ७ गतेसम्म उहाँले भारत प्रवासमै बसेर पार्टी सञ्चालन गर्नुभयो, विडम्वना ५४ वर्षको उमेरमा पुष्पलालको भारतको राजधानी नयाँ दिल्लीमा मृत्यु भयो । पुष्पलालको देहावसान भएको आज ४५ वर्ष पूरा भएर ४६ वर्षमा प्रवेश गर्दै छ । त्यसैले आज नेपालका कम्युनिस्ट पार्टीहरू र उहाँका अनुयायीले देशव्यापी रूपमा ४५ औं स्मृति दिवस धूमधामका साथ मनाउन गइरहेका छन् ।

पुष्पलालको जीवनकालमा राष्ट्रिय राजनीतिक परिस्थितिका साथै नेपाल कम्युनिस्ट पार्टीभित्र पनि पीडादायी घटना घटित हुन पुगे । उहाँको पार्टी जीवन पार्टीभित्रको वैचारिक समस्या र पार्टी नेतृत्वमा समेत ज्यादै उतारचढावको स्थितिबाट गुज्रिएको थियो । २००८ सालमा सम्पन्न गरिएको पहिलो राष्ट्रिय सम्मेलनबाटै भित्रका अवसरवादीले नेतृत्व हत्याउन पुगेकाले उहाँलाई महासचिवबाट वञ्चित गराइयो । २००९ साल माघ १० गतेदेखि तत्कालीन नेपाली कांग्रेसको मातृकाप्रसाद कोइरालाको सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो । पार्टीलाई भूमिगत कार्यशैली अपनाएर सञ्चालन गर्न बाध्य पारियो ।

२०१० सालमा नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशनको आयोजना गरियो । उक्त महाधिवेशनमा पनि चरम अवसरवादी एवं राजावादीहरूले नेतृत्व हत्याउन सफल भए र मनमोहन अधिकारीलाई महामन्त्री पदमा निर्वाचित गरियो । पुष्पलाललाई नेतृत्वमा आउन दिइएन । २०१४ सालमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनले राजावादी डा. केशरजङ्ग रायमाझीलाई महासचिव पदमा निर्वाचित गरियो । पुष्पलाललाई पार्टीको मुख्य नेतृत्वबाट वञ्चित गराइयो । त्यस्तै २०१९ सालमा सम्पन्न तेस्रो महाधिवेशनबाट तुलसीलाल अमात्यलाई महासचिव पदमा निर्वाचित गरियो । तेस्रो महाधिवेशनले निवर्तमान महामन्त्री डा. केशरजङ्ग रायमाझीलाई दरबारियाको आरोपमा गद्दार घोषणा गरी पार्टीबाट कारवाही गरियो ।

२०१९ सालमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनले रायमाझीलाई नेपाली क्रान्तिको गद्दार घोषणा गरी अनुशासनको कारबाही गरेर पार्टीबाट निकाल्न त सफल भयो तर राजनीतिक कार्यक्रममा भने पुष्पलालले पार्टी स्थापनालगत्तै २००६ साल वैशाख १२ गते प्रकाशित गरेको पहिलो पर्चामार्फत घोषणा गरिएको नयाँ नेपाली जनवादी क्रान्तिको कार्यक्रमलाई हटाएर त्यसको ठाउँमा 'राष्ट्रिय प्रजातन्त्र' नाम दिइएको पुँजीवादी संसदीय कार्यक्रम पारित गरेर सैद्धान्तिक रूपमै नेपाली कम्युनिस्ट आन्दोलनलाई दक्षिणपन्थी बाटोमा अग्रसर गरायो । त्यसपछि तुलसीलालको नेतृत्वले सही दिशा र सही नेतृत्व प्रदान गर्न नसकेपछि २०२०/२०२२ सालबिचमा नेपाल कम्युनिस्ट पार्टी विभाजन भएर देशव्यापी रूपमा छरपस्ट हुन पुग्यो र टुक्राटुक्रामा परिणत हुन पुग्यो । यो महान् नेपाली नयाँ जनवादी क्रान्ति र सिङ्गो नेपाली कम्युनिस्टको एक दुःखान्त परिघटना थियो ।

विभाजित नेपाली कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध तुल्याउने उद्देश्यले २०२५ सालमा पुष्पलालले भारतको गोरखपुर नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गर्नु भयो । उक्त तेस्रो राष्ट्रिय राष्ट्रिय सम्मेलनले महान् नेपाली क्रान्तिको कार्यक्रम 'नौलो जनवाद' नामक राजनीतिक कार्यक्रम पारित गऱ्यो र पुष्पलाललाई महामन्त्री पदमा निर्वाचित गऱ्यो । महान् नेपाली क्रान्तिको बाटोमा पुष्पलालले तय गरेको त्यो नौलो जनवादी क्रान्तिको बाटो सही थियो । त्यसले गर्दा कमरेड पुष्पलाललाई सही क्रान्तिकारी कम्युनिस्ट योद्धाका रूपमा स्थापित गर्न ठुलो मद्दत पुऱ्याएको थियो ।

यसै क्रममा २०२७ सालमा मोहनविक्रम सिंह र मनमोहन अधिकारीले 'केन्द्रीय न्युक्लियस' को गठन गरेका थिए भने २०२८ सालमा नेपाली कम्युनिस्ट आन्दोलन विभाजित अवस्थामा रहेकै अवस्थामा भारतीय कम्युनिस्ट नेता चारु मजुम्दारले नेतृत्व गरेको भारतीय किसान विद्रोह 'नक्सालवाडी' को अनुसरण गर्दै कोसी पूर्वीय क्षेत्रीय अः कमिटीले 'वान युनिट, वान एरिया, वान एक्सन' को नारा दिएर जमिनदार वर्गलाई खत्तम गर्ने उद्देश्यले मोहनचन्द्र अधिकारीको नेतृत्वमा झापा विद्रोह विस्फोट गराइएको थियो ।

झापा विद्रोहले एकातिर निरङ्कुश राजतन्त्रको तानासाही व्यवस्थालाई ठुलो धक्का दिएको थियो भने अर्कोतिर दक्षिणपन्थी भाषमा डुब्न पुगेको नेपाली कम्युनिस्ट आन्दोलनलाई नराम्ररी झकझक्याएको थियो । तत्कालीन तानासाही तथा फासिस्ट पञ्चायती व्यवस्थाले झापा विद्रोहमाथि भीषण दमनचक्र चलायो । झापा विद्रोहको नेतृत्व गरेका मोहनचन्द्र, सिपी मैनाली, राधाकृष्ण मैनाली, केपी शर्मा ओली, नरेश खरेल, रामनाथ दाहाल, नारायण श्रेष्ठ, कृष्ण कुइँकेललगायत झापा विद्रोहका सम्पूर्ण अगुवालाई गिरफ्तार गरेको थियो ।

गिरफ्तार गरेकामध्ये रामनाथ दाहाल, नारायण श्रेष्ठ, विरेन राजवंशी र कृष्ण कुइँकेललाई झापा जेलबाट इलाममा जेल सरुवा गर्ने निहुँमा २०२९ साल फागुन २१ गते राति सुखानीको जङ्गलमा लगेर पुलिसले गोली ठोकेर निर्ममतापूर्वक हत्या गरेका थिए । जेल परेका झापाली राजनीतिक बन्दीमध्ये सिपी, प्रदीप नेपालले २०३२ सालमा नक्खु जेल तोडेर भागेका थिए । राधाकृष्ण मैनाली, केपी ओलीले १४/१४ वर्ष जेल जीवन बिताएका थिए भने नेता मोहनचन्द्र अधिकारीले १८ वर्ष जेल जीवन बिताएका थिए ।

यही परिप्रेक्ष्यमा २०२९ सालमा अधिनायकवादी तथा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरेर प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलनको अपरिहार्य आवश्यकता भएकाले नेपाली कांग्रेस र कम्युनिस्टले संयुक्त मोर्चा बनाएर सशक्त रूपमा संयुक्त जनआन्दोलनले मात्र २०१७ साल पुस १ गते निरङ्कुश राजतन्त्रले सैनिक बलद्वारा अपदस्थ गरिएको प्रजातान्त्रिक बहुदलीय व्यवस्थालाई पुनर्बहाली गर्न सकिन्छ । नेपालका ठुला दुई वटा राजनीतिक पार्टी एक्लाएक्लै लडेर पञ्चायती व्यवस्थालाई फाल्न सकिन्छ भन्ने संयुक्त जनआन्दोलनको सिद्धान्त अगाडि सारेका थिए ।

२०३५/३६ सालमा संयुक्त विद्यार्थी आन्दोलनको उठान भयो । त्यस संयुक्त विद्यार्थी आन्दोलनले निरङ्कुश राजतन्त्र नेपाली जनतासामु घुँडा टेक्न बाध्य भयो । 'बहुदलीय व्यवस्था रोज्ने कि निर्दलीय पञ्चायती व्यवस्था रोज्ने' भन्ने विकल्पमा जनमत सङ्ग्रह गर्ने घोषणा गर्न बाध्य भयो । २०३७ साल वैशाख २० जनमत सङ्ग्रह भयो तर कांग्रेस र कम्युनिस्ट पार्टीबिचमा सहकार्य हुन सकेन । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माले) र नेपाल कम्युनिस्ट पार्टी (चौम) ले उक्त जनमत सङ्ग्रहलाई बहिष्कार गरेका थिए । कांग्रेस र कम्युनिस्टबिचमा सहकार्य नभएकै कारण ठुलो धाँधलीका साथ जनमत सङ्ग्रहमा निर्दलले नै जित्यो ।

तर २०४६/४७ सालको पञ्चायती व्यवस्थाविरोधी संयुक्त जनआन्दोलनमा कांग्रेस र कम्युनिस्टबिचमा सहकार्य भएकै कारणले निरङ्कुश राजतन्त्रले राजनीतिक पार्टीका सामु घुँडा टेक्न बाध्य भयो र २०४६ साल चैत २६ गते ३० वर्षे निरङ्कुश तथा निर्दलीय व्यवस्थाको अन्त्य गरेर २०१७ सालमा निरङ्कुशद्वारा अपहरणमा परेको प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना हुन पुगेको थियो । यसरी २०४६/४७ सालको संयुक्त जनआन्दोलनले सफलता प्राप्त गरेपछि र २०६२/६३ को १९ दिने ऐतिहासिक संयुक्त जनआन्दोलन सफल भएपछि संयुक्त जनआन्दोलनसम्बन्धी पुष्पलालको सपना साकार भएको मानिन्छ । त्यसपछि नेपालका सबै कम्युनिस्ट पार्टी र तिनका नेताले पुष्पलाललाई क्रान्तिकारी कम्युनिस्ट योद्धा र गुरु मान्न बाध्य भइरहेका छन् र साउन ७ गते पुष्पलालको फोटो र शालिकमाथि फूलमाला र अबिर चढाएर सलाम ठोक्ने र आफ्नो स्वार्थसिद्ध गर्दै आइरहेका छन् र पुष्पलाललाई नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज र नेता मान्दै आएका छन् ।

ऐतिहासिक कदमले एकातिर पुष्पलाललाई नेपाली कम्युनिस्ट आन्दोलनको पार्टी संस्थापक महासचिव, अग्रज नेता र गुरु मान्दै आएको भए पनि नेपालका कम्युनिस्ट पार्टी र तिनका नेताहरू भने पुष्पलालका महान् नेपाली नयाँ जनवादी क्रान्तिका सुन्दर सपनाहरू साकार पार्ने विषयमा चुक्दै आएका छन् । २०४६ साल यताका ३४ वर्षका बिचमा नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र अन्य कम्युनिस्ट पार्टीहरू कहिले एकल त कहिले संयुक्त रूपमा पटक पटक सरकारमा गएका छन् तर उनले नेपाली जनताको जनतन्त्र, गाँस, बास, कपास, राष्ट्रिय स्वाधीनताका विषयमा कहिल्यै पनि गम्भीर भएनन् ।

मुलुकको शैक्षिक क्षेत्र र स्वास्थ्य क्षेत्र अत्यन्तै महँगो भएर सर्वसाधारण जनताका छोराछोरीहरू शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारबाट वञ्चित भइरहेका छन् । स्वास्थ्य क्षेत्र निजीकरण गरिएकै अत्यन्तै महँगो भएकाले जनता आधारभूत औषधी उपचारबाट वञ्चित भएर अकालमै मर्न बाध्य भइरहेका छन् ।

आज एकातिर कम्युनिस्ट पार्टीको नामबाट सरकार सञ्चालन गर्न गएकाहरूले नै गैरकम्युनिस्ट कार्य गर्दै आएकै कारण गैरसंसदीय राजनीति गर्दै आएका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू जसले नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने लक्ष्य राखेका कम्युनिस्ट पार्टीहरूलाई ओझेलमा पारिएको छ । आज महान् नेपाली नयाँ जनवादी क्रान्तिको बाटोमा दक्षिणपन्थी संशोधनवाद मुख्य बाधकका रूपमा खडा हुन पुगेको छ । यिनै तथ्यगत कारणले गर्दा कमरेड पुष्पलालका महान् नेपाली नयाँ जनवादी क्रान्तिका सुन्दर सपनाहरू साकार हुन सकेका छैनन्, अधुरै रहेका छन् ।

*लेखक क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालका पोलिटब्युरो सदस्य हुनुहुन्छ ।*

# सुमधुर स्वरको धनी किरण श्रीपालीको सागीतिक यात्र

नेपाली सागीतिक क्षेत्रमा पछिलो समय प्रतिभा हुनेका लागि भन्दा पैसा हुनेका लागि स्थान दिने प्रचलन बढदै गएको छ । त्यसको असररले पछिलो समय गीत संगीत क्षेत्रमा मौलिकता झल्काउने गीतहरु लोभ हुँदै गएका छन् । पैशाका आडमा निस्कने मौलिकता नभएकाले स्थान पाउदा बिकृति जनक गीतहरु बजारमा फैलिदैछन् ।



सागीतिक क्षेत्रमा भबिष्य बनाउने धेरैको रहर हुन्छ । “कोहीसँग प्रतिभा हुन्छ पैसा हुदैन” “कोहीसँग पैसा हुन्छ प्रतिभा हुँदैन” हरेक मानिसलाई जीवनमा एउटा न एउटा अभावले पिरली रहेको हुन्छ ।

नेपालमा राजनीतिक क्षेत्रमा आएको बिकृति जस्तै गीत संगीत क्षेत्रमा पनि आफ्नो मान्छे छानेर स्थान दिने गरिन्छ । तर त्योभन्दा भिन्न अवस्थावाट नेपाली संतीतिक क्षेत्रमा लोक सस्कृतिलाई माया गर्ने एक अधभूत क्षमता भएकी दर्शकले निक्कै मन पराएका तथा सामाजिक सञ्जालमा भाइरल भएकी किरण श्रीपालीको संघर्षका कथा यस अङकमा प्रस्तुत गरेका छौं ।

बागलुमको बिकट ठाउँमा जन्मेकी किरण श्रीपाली सामान्य परिवारमा हुर्केकी चेली हुन् । सानैदेखि गाकि बन्छु भनेर सपना देखेकी किरण मेलापात, उकाली, ओराली घाँस, दाउरा गर्दा गीत गुनगुनाउनी गर्थिन । सानैदेखि गीतसंगीत क्षेत्रमा भबिष्य देखिकी किरण स्कुल कलेजका प्रोग्रममा आफ्नो गायकी पस्तुती देखाउने गर्थिन् । उनको गायको प्रस्तुतीबाट साथीभाइ र गुरुबाट “वा” किरण “वा” भन्दै ताली बज्ने गरथ्यो । त्यो तालीले मलाई सागीतिक क्षेत्रमा लाग्न थप उर्जा मिल्थ्यो श्रीपाली जन आकाश मिडियासंग बताउछिन् ।

“घर परिवारबाट सागीतिक क्षेत्रमा साथ सपोट पाएकी किरणको बुवाको ठुलो सपना थियो छोरीले गीत गाएर नाम कमाउछे भन्ने । बुवाले सधै भन्ने गर्थे पैसा भनेको हातको मैला हो । आज छ भोली नहुन पनि सक्छ । तेसैले छोरी दामको पछि कहिले नलाग्नु तैले दाम हैन नाम कमाएको हेर्ने मन छ । गीत संगीत क्षेत्रमा लाग्न बुवा, आमाको सपोट पाएकी किरणले २०७४ सालमा नेपाल गोल्डेन आईडलमा भाग लिइ सिजन ५ को टप ८ मा पर्न सफल भइन् ।

२०७५ सालमा ३ वार्षे बाली विज्ञान कोर्ष सकेर गीत सिकेर संगीत क्षेत्रमा लाग्छु भनेर आफ्नो सुन्दर जन्म भुमी छोडेर किरण बिरानो मुलुक काठमाडौ सहरमा आइन् । काठमाडौं आएपछि किरणको अभावै अभाको जीवन सुरु भयो । “मन भरी गायिका बन्ने सपना” “परिवारको ठूलो जिमेवारी ”ले सधै मन पिरोली रहन्थ्यो । किरण कामको शिलसिलामा कहिले बसपार्क कहिले, कोटेश्वर धाइरहन्थिन् । भने जस्तो काम कतै पाइदैन्न थियो, कामको थकाइ परिवारको जिमेवारीले किरणलाई एकान्तमा बसेर रुन मन लाथ्यो । कामको शिलशिलामा भौतारेकी किरणले लामो समयपछि थाहाँ पाइन् । राम्रो काम पाउन, राम्रो जागीर खान सहरमा आफ्नो मान्छे चाहिने रहेछ, राजनीतिक पावर चल्ने रहेछ भनेर । बिरानो काठमाडौं सहरमा किरणले कसैलाई चिनेकी थिइन्न् । राजनीतिक पावर त झन अलग बाटो थियो । आमा वुवाको मायाँमा हुकेकी किरण घर छोडेर कतै निस्केकी थिइन्न् ।

बिरानो मुलुक काठमाडौ सहरमा आएकी किरण सहरका मानिसले गरेका ब्यवहार देख्दा किरण आमा बुवा र गाउँघर झल्झली सम्झने गर्थिथन् । सामान्य परिवारमा हुर्केकी किरण्को ठूलो सपना थियो गायिका बनेर देशलाई चिनाउने । तर सोचे जस्तो सजिलो थिएन् गायिका बन्न ।

किरणको जीवनमा कठिन परिस्थितिहरु थुप्रै आउथे किरण शारीरिक रुपमा पनि अस्वस्थ थिइन् ढाडको थेरापी र औषधी खाइराख्नु पर्थ्यो जस्तो सुकै परिस्थितमा पनि किरणले कहिले हार मानिनन् दुख सुख आफ्नो सागीतिक यात्रलाई अगाडी बढाइन । लामो समयको संघर्ष पछि किरण सिमसिमे पानी बोलको गीत रेकर्ड गर्न सफल भइन् । उक्त गीत छोटो समयमै दर्शकको मन जित्न सफल भयो । पहिलो गीतबाटै चर्चामा आएकी किरण पछिलो समय गीत रेकर्ड, लाइभ दोहोरी, सिरियलको अभिनयमा समेत निकै ब्यस्थ हुँदै आएकी छिन् ।

सिमसिमे पानी बोलको गीतपछि मैले ५/ ७ ओटा गीत लगातार गरे । अब एउटा तिज गीतको तयारीमा छौ । अझै गीत गाउने अबसरको खोजीमा छु । किरण श्रीपाली जन आकाश मिडियासंग बताउँछिन् ।”

गायिका किरण श्रीपालीसँग जन आकाश साप्ताहिकका संवाददाता विनोद कार्कीले संवाद गरेर तयार पारेका हुन् । नयाँ प्रतिभाको खोजि अभियाँन जन आकाश मिडियाले थालेको छ ।

उक्त अभियाँनमा जोडिन जन आकाशका विनोद कार्कीसँग सम्पर्क गर्न सकिने छ । अथवा जन आकाश मिडियाको अफिसमा सम्पर्क गरेर पनि उक्त अभियाँनमा जोडिन सक्नु हुनेछ ।

# नेपाल निर्माण व्यवसायी महासंघद्वारा आन्दोलनको कार्यक्रम सार्वजनिक

काठमाडौं । सबै निर्माण कार्यको भुक्तानी हुनुपर्ने, सबै आयोजनाहरूको एकमुष्ट रुपले म्याद थप हुनुपर्ने लगायतका नौ बुँदे माग अघि सार्दै नेपाल निर्माण व्यवसायी महासंघले आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको छ । गत शुक्रवार राजधानीमा देशभरका ४ सय भन्दा बढी व्यवसायीहरूको उपस्थितिमा सम्पन्न राष्ट्रिय भेलाले दिएको म्यान्डेट अनुसार महासंघले आज राजधानीमा पत्रकार सम्मेलन गर्दै आन्दोलनका विविध कार्यक्रम सार्वजनिक गरेको हो ।




महासंघका मागहरू पूरा गर्ने आफ्नो प्रतिबद्धताबाट राज्यपछि हटेका कारण बाध्य भएर आन्दोलनमा जानु परेको महासंघका अध्यक्ष रवि सिंहले बताए । अत्याधिक र अप्रत्याशित रुपले भएको मूल्यवृद्धिलाई सम्बोधन हुने गरी मूल्य समायोजन गरिनुपर्ने, अन्यौलग्रस्त र बजेट नभई काम हुन नसक्ने रुग्ण आयोजनाहरू एवं काबु बाहिरका निर्माण कार्य सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने, चेक बाउन्स र बैक ग्यारेण्टी जफत गर्ने लगायतका कार्वाही रोकिनुपर्ने, बीमाको प्रिमियम दरमा भएको वृद्धिलाई खारेज गरिनुपर्ने, श्रोतमा कट्टा गरेको अग्रीम आयकर र मु.अ.करको बाँकी बक्यौता रकम समयमा नियोक्ताले राजस्व खातामा दाखिला गरिनुपर्ने, उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने व्यवस्था खारेज गरिनुपर्ने र पूर्वाधारसँग सम्बन्धित् सार्वजनिक खरिद ऐन, नियम व्यवसायीमैत्री हुनुपर्ने माग महासंघले अघि सारेको छ ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष रवि सिंहले राज्य व्यवसायीमैत्री नहुँदा देशभरका २४ हजार भन्दा बढी निर्माण व्यवसायीहरू मारमा परेको बताएका थिए ।

‘महासंघ निर्माण उद्योगको विकास विस्तारका लागि जायज मागहरू र तिनको समाधानको उपाय अत्यन्त जिम्मेवार भएर प्रस्तुत भएको छ’, पत्रकार सम्मेलनमा अध्यक्ष सिंहले बताए । सरकारले पनि जिम्मेवारबोध गरी महासंघका मागहरू पूरा गरेमा आन्दोलनका सबै कार्यक्रम फिर्ता हुने अध्यक्ष सिंहले स्पष्ट पारे ।

महासंघका सल्लाहकार तथा पूर्व अध्यक्ष यक्षध्वज कार्कीले सार्वजनिक खरिदसँग सम्बन्धित् ऐन नियम संशोधन गर्दा निर्माण व्यवसायीहरूलाई सामेल नगराउँदा निर्माण उद्योगमा समस्या थुपरिएको बताए ।

महासंघका अर्का सल्लाहकार तथा पूर्व अध्यक्ष जयराम लामिछानेले राज्यको व्यवस्थापन नै गलत भएका कारण निर्माण उद्योग मारमा परेको दाबी गरे । महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (ए.डी) ले मुलुकको निर्माण उद्योग इतिहासकै सबैभन्दा कठिन अवस्थामा रहेको टिप्पणी गरे ।

महासंघका महासचिव रोशन दाहालले गत असार २१ मा जारी म्याद थपको आदेशले निर्माण उद्योगमा अझ बढी जटिलता थपिएको बताए।

यसैबीच आन्दोलनका कार्यक्रम अन्र्तगत महासंघले साउन ८ गते (सोमबार) प्रधानमन्त्री सहित विकासे मन्त्रालयका मन्त्रीहरूलाई अल्टिमेटम सहितको ज्ञापन पत्र बुझाउने भएको छ ।

त्यस्तै मंगलवार सात प्रदेश महासंघहरुले मुख्य मन्त्रीलाई र ७७ जिल्ला संघहरुले जिल्ला स्थित जिल्ला प्रसाशन कार्यालयमा अल्टिमेटम सहित ज्ञापन पत्र बुझाउने कार्यक्रम महासंघले तय गरेको छ ।

साउन १० देखि १४ सम्म विभिन्न राजनैतिक दलका अध्यक्षहरू, सम्बन्धित् संघीय सरकारी निकायहरूमा र प्रदेश महासंघले सम्बन्धित् प्रदेश स्तरीय राजनैतिक दल तथा प्रदेश स्तरीय सरकारी निकायहरु तथा जिल्ला संघले सम्बन्धित् जिल्लाका राजनैतिक दल तथा जिल्ला स्तरीय सरकारी कार्यालयहरुमा आफ्ना मागहरुका सम्बन्धमा जानकारी गराउने महासंघको कार्यक्रम रहेको उल्लेख छ ।

साउन १४ मै महासंघले सार्वजनिक खरिद अनुगमन कार्यालयमा बिहान १०:०० बजे देखि ११:०० बजेसम्म एक घण्टा धर्ना कार्यक्रम गर्ने, सोही दिनदेखि ७ वटै प्रदेशका मुख्य मन्त्रीको कार्यालय अगाडि सम्बन्धित प्रदेश महासंघहरुले र ७७ वटै जिल्ला प्रशासन कार्यालय अगाडि सम्बन्धित् जिल्ला संघहरूले १०:०० बजे देखि ११:०० बजेसम्म एक घण्टा धर्ना कार्यक्रम तय गरिएको छ भने साउन १५ मा प्रधानमन्त्री निवास अगाडि विहान ९:०० बजे देखि १०:०० बजेसम्म एक घण्टा धर्ना कार्यक्रम महासंघले विज्ञप्ति मार्फत सार्वजनिक गरेको छ ।

साउन १६ गते देखि भने महासंघले माग पूरा नभएसम्म निर्माण यन्त्र उपकरण तथा औजार सहित संघीय राजधानी केन्द्रित सशक्त प्रदर्शन गर्ने महासचिव रोशन दाहालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# रामेछाप डायरी

## रामेछाप नगरपालिकाबाट बसाईसरी जानेको संख्या बढ्दो

रामेछाप जिल्लाको रामेछाप नगरपालिकामा आर्थिक वर्ष २०७९/८० मा बसाईसरी आउने भन्दा बासाईसरी जानेको संख्या बढी देखिएको छ । एक वर्षको अवद्यिमा एक सय पचास घरपरिवारका ५ सय २८ जना सदस्य बसाईसरी गएको पाइएको छ ।



यहि अवद्यिमा ३१ परिवारका ९९ सय सदस्य अन्य ठाउँबाट रामेछाप नगरपालिकामा बसाईसरी आएको देखिएको छ । रामेछाप नगरपालिकाका सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाका अपरेटर सन्दिप केसीका अनुसार यो तथ्याङ्क रामेछाप नगरपालिकाबाट अन्य ठाउँमा बसाईसरी जाने र अन्य ठाउँबाट नगरपालिकामा बसाईसरी आउनेको हो ।

विगत केही वर्षको तथ्याङ्कलाई हेर्ने हो भने रामेछाप नगरपालिकामा बसाईसरी आउने भन्दा जानेको संख्या बढी देखिएको छ । यसैगरी एक वर्षको अवद्यिमा रामेछाप नगरपालिकामा २१ सय ४२ जनाले जन्मदर्ता गराएका छन । ११ सय १ पुरुष र एक हजार ४१ जना महिलाले जन्मदर्ता गराएका हुन ।

एक वर्षको अवद्यिमा ५ सय ८२ जना मानिसको मृत्यु भएको छ । २ सय ९४ पुरुष र २ सय ८८ जना महिलाको मृत्यु भएको एमआईएस अपरेटर केसीले बताउनुभयो । यसैगरी एक वर्षको अवद्यिमा एक हजार १० जनाले विवाह गरेका छन भने ५९ जनाले सम्बन्ध विच्छेद गरेका छन । रामेछाप नगरपालिकाको ९ वटै वडाहरुमा व्यक्तिगत घटना दर्ता गर्नेहरुको तथ्याङ्कलाई केलाएर हेर्दा यस्तो पाईको हो ।

## रामेछापमा राष्ट्रिय फोटो पत्रकार समूह गठन

रामेछापमा राष्ट्रिय फोटो पत्रकार समूह गठन गरिएको छ । शनिवार(आज) मन्थलीमा भएको प्रथम जिल्ला भेलाले ११ सदस्यि कार्यसमिति गठन गरेको हो ।

राष्ट्रिय फोटो पत्रकार समूह वाग्मती प्रदेशका सदस्य नवराज श्रेष्ठको अध्यक्षता, मन्थली नगरपालिका प्रमुख लव श्रेष्ठको प्रमुख आतिथ्यता, राष्ट्रिय फोटो पत्रकार समूहका केन्द्रीय महासचिव घनश्याम श्रेष्ठ र कोषाध्यक्ष सागर श्रेष्ठको आतिथ्यतामा भएको प्रथम जिल्ला भेलाले ११ सदस्यि कार्यसमिति बनाएको हो ।

उक्त भेलाले अध्यक्षमा मिलन विकलाई चयन गरेको छ । समूहको उपाध्यक्षमा शर्मिला विशुङ्के, सचिवमा राजन महतारा, सह-सचिवमा राज कुमार श्रेष्ठ र कोषाध्यक्षमा डोरशङ्कर बरुवाल चयन हुनुभएको छ ।

त्यसैगरी कार्यसमिति सदस्यहरुमा शम्बरबहादुर हायु( प्रशान्त), सिर्जना रोक्का, प्रवीण बयलकोटी, सिर्जना रसाइली, विनीता बुढाथोकीलाई चयन हुनुभएको छ । २०५३ सालमा स्थापना भएको राष्ट्रिय फोटो पत्रकार समूहले पछिल्लो समय विभिन्न जिल्लाहरुमा समेत समिति गठनलाई निरन्तरता दिँदै आएको छ ।



# खल्तीको “द बिगेस्ट पेमेन्ट जात्रा” अफर सफलता पूर्वक सम्पन्न




८ लाख ६८ हजार भन्दा बढी प्रयोगकर्ता भए करोडौंको अफरमा सहभागि, ५ जनाले पाए पल्सर ल्ज्ञटण खल्तीको वार्षिक अफर, “द बिगेस्ट पेमेन्ट जात्रा” मा ८ लाख ६८ हजार भन्दा बढी प्रयोगकर्ताको सहभागिताका साथ असार ३१, २०८० मा सफलता पूर्वक सम्पन्न भएको छ ।

करोडौंको अफरमा प्रमुख उपहारहरूमा छ वोटा पल्सर ल्ज्ञटण, द्द वोटा ष्एजयलभ ज्ञद्ध, इलभएगिक ज्ञज्ञ, म्ष्कयलम च्ष्लन तथा अन्य उपहारहरु समावेश थियो । यस बाहेक प्रयोगकर्ताहरूले प्रत्येक भुक्तानी पछि स्क्र्याच कार्डहरू प्राप्त गरेका थिए र प्रत्येक दिन भर्चुअल खुत्रुके जसबाट छण् वटा स्मार्टवाचहरू, घण् वटा इयरबडहरू, छण्ण् चलचित्र टिकटहरू र करोडौं मूल्यका कुपनहरू वितरण गरिएको थियो।

पाँच वटा पल्सर बाइकका बिजेताहरु यस अफर अवधि भरि फेसबुक लाइभ मार्फत घोषणा भइसकेको छ जस्का बिजेताहरु बिटु साह कल्वार (राउण्ड १), प्रदिप धिताल (राउण्ड २), लक्ष्मण डेली स्टोर (राउण्ड ३), नरेन्द्र महर्जन (राउण्ड ४) र निहाल आयुरवेदिक फार्मा (बोनस राउण्ड) रहेका छन् । अन्तिम लाइभमा २ वटा पल्सर ल्ज्ञटण - राउन्ड द्ध र बोनस राउन्डका विजेताहरूको साथै अरु बम्पर उपहार जस्तै ष्एजयलभ ज्ञद्ध, इलभएगिक ज्ञज्ञ, र म्ष्कयलम च्ष्लन का भाग्यशाली विजेता घोषणा भएका थिए। यसैबीच यो २ महिनाको अवधिमा अन्य उपहार र कुपनहरू, जस्तै: स्क्र्याच कार्ड मार्फत रु. २ करोड ९० लाख भन्दा बढी र खुत्रुके मार्फत रु. ५ करोड ३० हजार भन्दा बढीको उपहार खल्ती प्रयोगकर्ताले पाएका छन् ।

३ वटा पल्सर बाइकका विजेताहरू यस अफरमा पहिले नै फेसबुक लाइभ मार्फत घोषणा भइसकेको छ र अब अन्तिम लाइभ श्रावण ५ गते हुनेछ । यस विजेता छनोटमा, २ वटा पल्सर ल्ज्ञटण - राउन्ड द्ध र बोनस राउन्डका विजेताहरूको साथै अरु बम्पर उपहार जस्तै ष्एजयलभ ज्ञद्ध, इलभएगिक ज्ञज्ञ, र म्ष्कयलम च्ष्लन का भाग्यशाली विजेता घोषणा गरिनेछ। यसैबीच यो २ महिनाको अवधिमा अन्य उपहार र कुपनहरू, जस्तै: स्क्र्याच कार्ड मार्फत रु. २ करोड ९० लाख भन्दा बढी र खुत्रुके मार्फत रु. ५ करोड ३० हजार भन्दा बढीको उपहार खल्ती प्रयोगकर्ताले पाएका छन् । यस अफरको सफलताको बारे खल्तीका प्रमुख कार्यकारी अधिकृत बिनय खड्का भन्नुहुन्छ,

“यस अफरको सुरुवातमा प्रत्येक प्रयोगकर्तालाई कुनै पनि भुक्तानी गर्ने अतुलनीय फाइदाहरूका साथ डिजिटल रूपमा कारोबार गर्न प्रोत्साहित गर्ने भनि अपेक्षा गरिएको थियो। यो अफरलाई नेपालको भुक्तानी उद्योगमा उत्कृष्ट सफलता दिन मदत गर्नुभएका हाम्रा साझेदारहरूप्रति हामी आभारी छौं। हाम्रा प्रयोगकर्ता, एजेन्ट, मर्चेन्ट, मिडिया, ब्रान्ड पार्टनरहरु, बैंक तथा इन्सुरेन्सहरु, नियामकहरु र अन्य साझेदारहरूको साथ बिना यो अफरको सफलता सम्भव थिएन।” भनि खल्तीले उल्लेख गरेको छ ।

# नबिल एसएसइ अन्तगत फलासिप कायक्रमका तेस्रो ब्याचका लागि आवदन खुल्ला

काठमाडौं।नबिल सामाजिक उद्यमशिलता’ नबिल एसएसई अन्तर्गत फेलोसिप कार्यक्रमको दोस्रो ब्याचको सफलतापूर्वक संचालनसंगै नबिल बैंकले तेस्रो ब्याचका लागि आवेदन खुल्ला गरेको छ । त्रिभुवन विश्व विद्यालय व्यवस्थापन संकाय अन्तर्गत स्कूल अफ म्यानेजमेन्ट त्रिभुवन विश्व विद्यालयसँगको सहकार्यमा संचालित यस कार्यक्रमले समाजमा सकारात्मक परिवर्तन ल्याई दिगो विकासको लक्ष्य हासिल गर्न मद्दत गर्ने बैंकको विश्वास छ ।



कार्यक्रममा कृषि, पर्यटन, उर्जा, वातावरण संरक्षण, सुचना प्रविधि लगायत जुनसुकै क्षेत्रमान विनतम सोच भएका १८ वर्ष देखि माथिका नेपाली नागरिकहरुले आवेदन दिन सक्नेछन् । नबिल एसएसईको फेसबुक पेजमा रहेको लिङ्कमा गई गुगल फारमबाट आवेदनदिन सकिनेछ । अथवा नबिल बैंकको वेभ साइडमा गई नबिल एसएसईको पेजबाट पनिफारम भर्न सकिन्छ । आवेदनको अन्तिमदिन बैंकले भदौ ३ गते तोकेको छ ।

सामाजिक उद्यम शीलतालाई प्रबर्द्धन गर्ने लक्ष्य बोकेको यस कार्यक्रम ६ महिनासम्म चल्नेछ । साथै हरेक महिना तीन दिन आवासीय छलफल र बाँकी दिन आफ्नै कार्यस्थलमा प्रयोगात्मक अभ्यास गर्ने ढाँचामा तयार पारिएको छ । तालिम अवधि भर तथा बाँकी ६ महिना गरी एक वर्षका लागि सबै सहभागीहरुलाई मेन्टरको व्यवस्था गरेर व्यवसाय गर्दा आइपर्ने व्यवहारिक कठिनाइको समाधानका लागि नबिलले सहयोग गर्नेछ ।

आर्थिक सामाजिक रुपान्तरणलाई बढावा दिनका लागि शुरु गरिएको यस फेलोसिप कार्यक्रमबाट ३६ जनाले उद्यमशीलताको तालिम प्राप्त गरि सकेका छन् । विभिन्न पृष्ठभुमिबाट आएका सहभागीहरुले सामाजिकउद्यम संचालनका निम्ति आवश्यक कानूनी तथा कर सम्बन्धीका ज्ञान, व्यवासायको ब्राण्डिङ्ग, बजारिकरण आदि जस्ता विभिन्न विषयमा तालिम प्राप्त गरेका थिए ।

विभिन्न अर्न्तक्रिया कार्यक्रम तथा प्रक्रियाहरुद्वारा सहभागीहरुलाई प्राविधिक तथा व्यवहारीक ज्ञान उपलब्ध गराइएको थियो ।

नबिलबैंक नेपालको एक अग्रणी बैंक हो जसको कुलनिक्षेप रु ३७८ अर्ब तथा कुलकर्जा रु ३४० अर्ब रहेको बैकले उल्लेख गर्दै आएको छ। नबिलले २० लाख भन्दा बढी सेवाग्राहीहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

त्यस्तै गरी देशभरिको शाखा विस्तार भई २ सय ६५शाखा र २ सय ९८ एटिएम मेसिनहरूबाट सेवा प्रदान गर्दै आएको छ । नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसे ढुङ्गाको रूपमा काम गर्दै आएको बैकले उल्लेख गर्ने गरेको छ ।

# प्रभु बैंक र धुलिखेल डेण्टलबीच छुट सम्झौता

काठमाडौं । प्रभु बैंक लिमिटड धुलिखल शाखा र धुलिखल डण्टल कयर प्रा.लि.बीच बैंकका ग्राहकहरुलाई विशष छुट प्रदान गर्न सम्झौता भएका छ ।

सम्झौता अनुसार बैंकका ग्राहकहरुल सा डण्टल कयरबाट सवा लिए बापत बैंकका डविट कार्ड, क्रडिट कार्ड, माबाईल बैंकिङ र क्युआर काडबाट भुक्तानी गर्दा सबै उमर समुहका ब्यक्तिका दाँतका उपचार शुल्कमा २० प्रतिशत छुट पाउनछन् ।

सम्झौता पत्रमा बैंकका धुलिखल शाखाका प्रमुख हरिकृष्ण दाहाल र डण्टल कयरका प्रबन्ध संचालक अमिर हमालल हस्ताक्षर गरका छन् ।




प्रभु बैंकल काभ्र जिल्लामा ८ वटा शाखा धुलिखल, बनपा, पनौती, नाला, साँगा, पाँचखाल, दालालघाट र नाल्दुम नगरकाटबाट वित्तीय सवा प्रदान गर्द आएका छ । “विश्वास लिन्छौं, विश्वास दिन्छौं” भन्न नाराका साथ शक्तिशाली, मजबुद, प्रगतिशिल र विश्वसनीयताका साथ नयाँ उचाईमा रहका प्रभु बैंकल आधुनिक प्रविधिका माध्यमबाट दशका दुर्गम तथा शहरी क्षत्रमा सरल बैंकिङ सवा प्रदान गर्दै आएका छ ।

हाल बैंकका कुल शाखा ३०१ पुगका छ भन ७१ वटा एक्सटन्सन काउन्टर २६ वटा शाखा रहित बैंकिङ र २७५ वटा एटिएम मार्फत वित्तीय सवा प्रदान गर्दै आएका छ ।

# नबिल बैंक राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्डबाट सम्मानित

काठमाडौं । नबिल बैंक लिमिटेड नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट वार्षिक रुपमा प्रदान गरिने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड २०२२ (National Best Presented Annual Report Award (NBPA), 2022) बाट सम्मानित भएको छ ।

नबिलले बैंकिङ क्षेत्र तर्फको सिल्भर अवार्ड प्राप्त गरेको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले आर्थिक वर्ष २०२१/२२को वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि उक्त अवार्ड प्रदान गरेको हो ।




काठमाडौंमा आजआयोजित एक कार्यक्रममा प्रमुख अतिथी अर्थमन्त्री डा. प्रकाश शरण महतले नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डेलाई अवार्ड हस्तान्तरण गरेका थिए । बैंकको उक्त पुरस्कृत वार्षिक प्रतिवेदनले नेपालको तर्फबाट (South Asian Federation of Accountants (SAFA) द्वारा दक्षिण एसियाली स्तरमा आयोजना हुने SAFA BPA Awardकालागि का लागि प्रतिस्पर्धा गर्नसमेत मनोनित हुनेछ ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले २० लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २ सय ६५ शाखा र २ सय ९८ एटिएम मेसिनहरूबाट सेवा प्रदान गर्दै आएको छ । नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवातगर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाको रूपमा काम गर्दै आएको छ ।

## अर्थ संसार

# प्रभु महालक्ष्मी लाइफको अभिकर्ता मिलन समारोह सम्पन्न

काठमाडौं । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले श्रावण २ गते देशका विभिन्न ठाँउमा अभिकर्ता मिलन समारोह सम्पन्न गरेको छ ।

एकिकृत कारोबार पछि साविक प्रभु लाइफ र महालक्ष्मी लाइफका अभिकर्ताहरुलाई एकिकृत गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । श्रावण २ गते झापाको बिर्तामोड, पर्साको बीरगंज, दाङ्गको घोराही र





कैलालीको धनगढीमा कार्यक्रम आयोजना भएको थियो ।

कार्यक्रममा दुवै कम्पनीका व्यवसाय दिएका सक्रिय अभिकर्ताहरुलाई सहभागि गराइएको थियो । चारै ठाँउमा भएको कार्यक्रममा सय-सय जना भन्दा बढी अभिकर्ताको उपस्थिति थियो ।

कार्यक्रममा मर्जर पछिको बीमा कारोबारको अवस्था, प्रचलनमा ल्याउने पोलिसीहरु, एजेन्सी सिस्टम र एजेन्सी स्किम बारेमा अभिकर्ताहरुलाई प्रशिक्षण दिइएको थियो ।

विर्तामोडमा सोन वहादुर मगर र प्रभाक न्यौपाने, वीरगंजमा प्रयास श्रेष्ठ र सीताराम धिमाल, घोराहीमा प्रशान्त राज धमला र योगेन्द्र प्रसाद खतिवडा तथा धनगढीमा किशोर प्रसाद लामिछाने र रामेश्वर श्रेष्ठले प्रशिक्षण दिनु भएको थियो ।

# आइएमई पेको नयाँ अफर उपहारको बहार सार्वजनिक




काठमाडौं । साउन ४ ‘आइएमई पे’ ले “रेमिट्यान्समा उपहारको बहार” नामक नयाँ अफर सार्वजनिक गरेको छ ।

अन्तर्राष्ट्रिय रेमिट्यान्स प्राप्त गर्ने ग्राहकवर्गलाई लक्षित गर्दै आइएमई पेले यो अभियान सुरु गरेको हो । सो अफर यही साउन १ गते देखि साउनको अन्त्य सम्म चल्ने छ । यो अफर अन्तर्गत विदेशबाट पठाइएको रेमिट्यान्सको रकम आइएमई पे वालेटमा दाबी गरी प्राप्त गर्ने ग्राहक मध्ये प्रत्येक हप्ता एक भाग्यशाली विजेताले स्मार्टफोन पाउनुहुनेछ ।

साथै, अफरको अन्त्यमा एक जना भाग्यशाली ग्राहकलाई बम्पर उपहार स्वरुप अत्याधुनिक प्रविधिको ल्यापटप प्रदान गरिनेछ । यस अफर अन्तर्गत रहेका साप्ताहिक तथा मासिक विजेताहरुको पुरस्कार वितरणको तस्बिर तथा भिडियो आइएमई पेको सामाजिक संजालमा प्रकाशन गरिने छ ।

यो अफर ग्राहकवर्गलाई विधुत्तिय माध्यम मार्फत सहजै आफ्नो वालेटमा रेमिट्यान्स प्राप्त गरी विधुत्तिय भुक्त्तानी गर्न प्रेरित गर्ने उदेश्यका साथ सुचारु गरिएको हो ।

# मुक्तिनाथ विकास बैंक न्यमि ब्धबचम बाट सम्मानित

काठमाडौं । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले हरेक बर्ष नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) प्रणाली अन्तर्गत वित्तीय विवरण प्रकाशन गर्ने उत्कृष्ट संस्थाहरुलाई प्रदान गर्दै आएका गरिमामय राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत पुरस्कार (Best Presented Annual Report Award,2022 )मावि भिन्न विधाहरुमध्ये वित्तीय क्षेत्र तर्फ आर्थिक वर्ष २०७८/०७९ को लागि मुक्तिनाथ विकास बैंक न्यमि ब्धबचम बाट सम्मानित भएको छ ।

यो पुरस्कारबाट मुक्तिनाथ बैंक आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ गरि लगातार चौथो पटक पुरस्कृत भएको हो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले Best Presented Annual Report Award विभिन्न ४ विधामा प्रस्तुत गरेको थियो ।

विधाहरुमा १. बैंकिङ्ग क्षेत्र (बाणिज्य बैंक समूह) २. वित्तीय क्षेत्र (अन्य सम्पूर्ण वित्तकार्य गर्ने कम्पनीहरु) ३. शक्ति र उर्जा क्षेत्र ४.निर्माण क्षेत्र रहेका छन् । विकास बैंक र वित्त कम्पनीहरु मध्येबाट मुक्तिनाथ विकास बैंकले वित्तीय क्षेत्र विधाको सर्बोकृष्ट पुरस्कार प्राप्त गरेको छ ।

# नेपाल निर्माण व्यवसायि महासघको रास्ट्रिय भेला काठमाडौमा सम्पन्न

**मोहन कार्कि ।**

काठमाडौ । नेपाल निर्माण व्यवसायि महासघको रास्ट्रीय भेला आज काठमाडौस्थित स्काइ दरवार पार्टी प्यालेसमा शुरु भएको छ ।

नेपाल निर्माण व्य्वसायि महासघका अध्यक्ष रवि सिहको सभापतित्वमा, बिशिस्ट अतिथि नेपाल उधोग परिसघका उपाध्यक्ष विरेन्द्रराज पाण्डे, नेपाल चेम्बर ओफ कमर्शका वरिष्ठ उपाध्यक्ष कमलेस अग्रवाल रहेका छन् तथा नेपाल निर्माण व्यवसायि महासघका पुर्व अध्यक्षहरु, सल्लाहकार, मानार्थ सदस्यहरु, कार्यसमितिका सदस्यहरु अतिथि रहेका थिए ।




नेपाल निर्माण व्य्वसायि महासघका सातै प्रदेशवाट आएका निर्माण व्य्वसायिको उपस्थितिमा कार्यक्रम भएको छ । कार्यक्रमको संचालन महासघका महासचिव रोशन दाहालले गरेका छन् ।

वरिष्ठ उपाध्यक्ष आङ्दोर्जे शेर्पा (यडि)ले स्वागत मन्तव्य राखेका । उनले स्वागत मन्तव्य राख्ने क्रममा निर्माण व्यवसायि सघले भोग्नु परेका समस्याका वारेमा सवै निर्माण व्यवसायि एकता भएमा मात्रै ति समस्याहरुसङ्ग लडन सक्ने बताएका थिए ।

त्यसै कार्यक्रमका सभापति समेत रहेका नेपाल निर्माण व्यवसायि महासघका अध्यक्ष रवि सिहले रास्ट्रीय भेलाको उदघाटन दिप प्रज्वलन गरि गरेका थिए । लगत्तै सिहले कार्यक्रमलाइ सम्बोधन गर्दै नेपाल निर्माण व्यवसायि महासघले रास्ट्रको निर्माण र व्यवसायिहरुको सुरक्षाको लागि स्थापना भएको नेपाल निर्माण व्यवसायि महासघले काम गर्दै आएका छौ ।

त्यसरि नै आउदा भावि नेतृत्वले निरंतरता देओस भन्ने शुभकामना दिन चाहान्छु । भनेका थिए । उनले थप्दै भने " सम्पुर्ण व्य्वसायि हरुको बाकि भुक्तानी तुरुन्तै सरकारले देओस सरकारले फर्जि ठेक्काहरु खारेज गरोस । हामिले समयमा बैकलाइ रिन नतिर्दा कालो सुचिमा राखिन्छ । सरकारले समयमा निर्माण कम्पनीहरुको गरेको कामको भुक्तानी दिदैन भने सरकार पनि कालोसूचीमा पर्नुपर्छ ।" भनि धारणा राखेका थिए ।

कार्यक्रमको प्रमुख अतिथि भौतिक पुर्वधार तथा यातायात मन्त्री प्रकास ज्वालाले गर्ने अग्रीम जानकारी दिएको भएपनि कार्यक्रममा मन्त्रीको उपस्थित रहेको थिएन ।

कार्यक्रमको वरिष्ठ अतिथिको रुपमा आएका नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष कमलेस अग्रवालले सम्बोधन गदै भने, नेपाल निर्माण व्यवसायि महासघलाइ सधै चेम्बरको सहयोग रहने बताएका थिए ।

त्यसैगरी नेपाल उधोग परिसघका उपाध्यक्ष बिरेन्द्रराज पाण्डेले समय र परिस्थिति अनुसार ब्यवसायि अप्ठ्यारोमा छ । यो निर्माण व्यवसायिको यात्रामा सिएनआइको सधै साथ रहने बताएका थिए ।

बक्ताहरु बिष्णुभाइ श्रेष्ठ, ग्याल्जे शेर्पा, यक्षध्वज कार्की, सकुन्तला हिराचन, रमेस शर्मा रहेका थिए ।

# तीन दिने फोटो जर्नालिष्ट तालिम सम्पन्न

काठमाडौ । राष्ट्रिय फोटो पत्रकार समूहको सहकार्यमा र युएनडिपी, एनटिभीको सहयोगमा तीन दिने फोटो जर्नालिजम तालिम सम्पन्न भएको छ । काठमाडौको भृकुटीमण्डपमा २०८० साल साउन २ गतेवाट शुरु गरिएको तालिमलाई फोटो जर्नालिजम प्रशिक्षण किशोर श्रेष्ठले दिएका थिए । कार्यक्रम संयोजक प्रदिप श्रेष्ठ रहेका थिए ।



फोटो पत्रकार समूहको तर्फवाट सागर श्रेष्ठ र भगवती थापाले कार्यक्रम अवधिभर सहयोगीको भुमिका निर्वाह गरेका थिए । प्रशिक्षणको अवधिभर बिभिन्न तरिकाले उत्साहका साथ प्रशिक्षार्थीहरुलाई तालिम दिइएको थियो । टुरिजम वोर्डका सञ्चार संयोजक टिभी भुसालले, फोटो पत्रकारको नेपालमा प्रवेश कहिले देखि भयो यसको विगतको अनुभव के छ आज के हुदै छ साथै कानुनी व्यवस्थाहरु र अवस्था हेरेर फोटो पत्रकारिता गर्नुपर्छ भन्ने सन्देशमुलक र पत्रकारिताको आचारसंहिताको वारेमा प्रशिक्षण दिएका थिए । त्यसैगरी प्रक्टिकलको रुपमा फोटो पत्रकार समूहका किशोर श्रेष्ठले प्रशिक्षणको दोस्रो दिन अर्थात साउन ३ गते भृकुटीमण्डपवाट काठमाडौको बसन्तपुर दरवार स्क्वायरसम्म प्रशिक्षार्थीलाई लगेर प्रक्टिकल गराएका थिए ।

कार्यक्रम समापनको क्रममा युएनडिपीका धर्मा दुवाडीले कार्यक्रमलाई सम्बोधन गर्दै यस्ता कार्यक्रम गर्न पाउदा खुशी लागेको बताएका थिए । सवै दिन म बस्न पाइन तर निरन्तर रुपमा तीनदिनसम्म तपाईहरुको सहभागीता देखेर हामीलाई यस्ता कार्यक्रम गर्न उत्साहित भएको भनि भनाई राखेका थिए ।

# कालीमाटी तरकारी बजारमा किसानको प्रदर्शन

काठमाडौं । कालिमाटी तरकारी बजारका सटर पुनः भाडामा दिने सम्झौता खारेजीको माग राखेर किसानहरु आन्दोलित भएका छन् ।

सोमबार ९ वटा किसान संघसंगठनसँग आवद्ध राष्ट्रिय किसान सञ्जालले सोमबार कालिमाटी तरकारी बजारमा प्रदर्शन गरेको हो । उनीहरुले कृषिमन्त्री वेदुराम भुसालको राजीनामा माग गर्दै कालिमाटी र बालाजु तरकारी बजारको भाडा सम्झौता खारेज गर्न माग गरेका छन् ।

तरकारी बजारका सटर र स्टलहरु खुल्ला प्रतिस्पर्धाका अधारमा भाडामा लगाउनुपर्ने, विना प्रतिस्पर्धा भाडामा दिन सम्झौता खारेज गर्नुपर्ने, ५० प्रतिशत सटर र स्टलहरु उत्पादक किसानलाई छुट्याउनुपर्ने, किसान र उपभोक्ता हित विरोधी निर्णय खारेज गर्नुपर्ने, बजार विकास समितिमा ५० प्रतिशत किसान प्रतिनिधि सुनिश्चित गर्नुपर्ने लगायतका माग उनीहरुले राखेका छन् ।




## देशका विभिन्न स्थानमा ६ जना मृत फेला

काठमाडौँ । राजधानी काठमाडौँसहित देशका विभिन्न स्थानमा ६ जना मृत फेला परेका छन् । काठमाडौँको बुढानीलकण्ठ नगरपालिका-७ हात्तिगौडा डेरा गरी बस्ने धादिङ खनायोबास गाउँपालिका-६ घर भएका ३२ वर्षीय रामकृष्ण रिजाल आफ्नै कोठामा आइतबार मृत अवस्थामा फेला परेका हुन् ।

त्यस्तै धादिङको नीलकण्ठ नगरपालिका-५ पतेनी बस्ने ७५ वर्षीय राम बहादुर परियार सोही ठाउँस्थित खाल्टे-धादिङबेशी सडक छेउमा आइतबार मृत अवस्थामा फेला परेका छन् । उता कञ्चनपुरको भिमदत्त नगरपालिका-११ बाँसखेडास्थित नहर छेउमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ५० वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन् ।

यसै गरी कञ्चनपुरकै भिमदत्त नगरपालिका-१० जिरो पोईन्टस्थित गताडी खोला किनारामा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ३० वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन् ।

झापाको बाह्रदशी गाउँपालिका-१ नयाँ बस्तीस्थित अदुवा खोलाको किनारमा हाल नाम, थर, वतन नखुलेकी महिला आइतबार मृत अवस्थामा फेला परेकी छिन् ।

यता धनुषाको मिथिला नगरपालिका-७ कृषि बजारस्थित सडक किनारमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ३५ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन् । सबै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# खेलकुद

## भानु कपको उपाधि सेभेन स्टारलाई

तनहुँ – राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको २१०औं जन्मजयन्तीको अवसरमा आयोजित भानु कपको उपाधि भानु नगरपालिका-१ स्थित सेभेन स्टार युवा क्लबले जितेको छ ।

भन्सार युवा परिवार, सालबिस्ने युवा क्लव र भिमसेन युवा क्लबद्वारा आयोजित १६औं राष्ट्रिय खुल्ला भानुकप फुटबल प्रतियोगिता सेभेन स्टारले जितेको हो ।

असार २९ गतेदेखि साउन ७ गतेसम्म सञ्चालन गरिएको प्रतियोगिताको फाइनलमा सेभेन स्टारले भानु-३ स्थित फ्रेण्डसिप युवा क्लबलाई ट्राइब्रेकरमा ४-३ गोलले पराजित गर्दै उपाधि जितेको हो । ३२ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा बिजेता टिमलाई २ लाख २५ हजार २१०, उपविजेतालाई १ लाख १२ हजार २१० रुपैयाँ नगद, मेडल, ट्रफी र



प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको थियो ।

यस्तै प्रतियोगितामा फ्रेन्डसिप युवा क्लबका जितेस गुरुङ उत्कृष्ट खेलाडी, सेभेन स्टारका रमेश श्रेष्ठ उत्कृष्ट गोलरक्षक, फ्रेन्डसिप युवा क्लबका विक्की राइ (५ गोल) सर्वाधिक गोलकर्ता र म्याग्दे युवा क्लब अनुशासित टिमको पुरस्कार प्राप्त गर्न सफल भएका छन् ।

यसैगरी भानुजयन्तीकै अवसरमा आयोजित छेलो प्रतियोगितामा नेपाली सेना भैरव दल गणका साजन परियार प्रथम र बाघचाल प्रतियोगितामा भानु-२ का अनिल बजगाई प्रथम भएका थिए । उनीहरूलाई ५ हजार २१० रुपैयाँ नगद र प्रमाणपत्रबाट पुरस्कृत भएका थिए ।

## जिरेलीको निर्णायक गोलमा अर्जेन्टिनाविरुद्ध इटाली विजयी

अकल्यान्ड – क्रिस्टियना जिरेलीले खेलको अन्त्यतिर गरेको निर्णायक गोलको मद्दतले इटालीले वुमेन्स वर्ल्डकपमा सोमबार अर्जेन्टिनालाई १-० ले हराएको छ ।

खेल गोलरहित बराबरीतर्फ अग्रसर भइरहेका बेला जिरेलीले ८७ औं मिनेटमा गोल गरेकी थिइन् । त्यसअघि ८३ औं मिनेटमा उनी सब्स्टिच्युट खेलाडीका रूपमा मैदान छिरेकी थिइन् ।

यस जितपछि स्वीडेनसँगै इटाली समूह 'जी' को शीर्ष स्थानमा रह्यो । यसै खेलमा इटालीकी जिउलिआ ड्रागोनी वुमेन्स वर्ल्डकपमा खेल्ने सबैभन्दा कान्छी खेलाडीमध्ये एक भइन् ।

विश्वकपमा अर्जेन्टिनाको सामना गरिरहँदा उनको उमेर १६ वर्ष २ सय ५९ दिन मात्र पुगेको थियो । पछिल्लो जुलाइमा मात्र उनले इटालीका लागि डेब्यु गरेकी थिइन् ।

*एजेन्सी*

## घोडचढी संघमा राजकर्णिकार

काठमाडौँ – नेपाल इक्वेस्ट्रियन (घोडचढी) संघको शनिबार सम्पन्न साधारणसभा तथा निर्वाचनले रवि राजकर्णिकारलाई अध्यक्षमा निरन्तरता दिएको छ ।

सर्वसम्मत चयन भएको १६ सदस्यीय केन्द्रीय कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष, नवराज सिलवाल, उपाध्यक्षमा प्रकाशजंग कार्की र रमेशमान मल्ल, महासचिव लोकजंग लामा, सचिवमा राममाया तामाङ र कोषाध्यक्षमा प्रेमबहादुर मोक्तान चुनिएका छन् । सदस्यमा मनऋषि धिताल, सन्तोष बुढाथोकी, हरिप्रसाद श्रेष्ठ, महेश श्रेष्ठ, तेन्जिङ थकाली, कर्मा गुरुङ, ज्ञानेन्द्र श्रेष्ठ, रामसुन्दर वके र सुमन भोम्जन तामाङ चुनिए ।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको साधारणसभा राखेप सदस्य-सचिव टंकलाल घिसिङले उद्घाटन गरेका थिए । घोडचढी संघ सन् २०१३ मा खेलकुद परिषद्मा दर्ता भएको थियो ।



### देशमा राजनीतिक अन्यौलता

पृष्ठ १ बाट जारी

कृषिप्रधान देशमा सिजनको वेला मल पाइदैन । मल कारखाना खोल्ने हल्ला धेरै गर्ने तर कृषिप्रधान देशमा मल कारखाना खोल्दैनन् । जलस्रोतको धनि देशमा विद्युतवाट चल्ने गाडीलाई बढी भन्सार लिन्छन् । विद्युतको प्रयोग र उत्पादनमा बढी नै झन्झट गराउछन् । उद्योग कलकारखाना खोल्न प्रोत्साहन गर्दैनन् । यस्ता प्रश्न उठिरहेका वेला सरकार बनाउने र भत्काउने खेलमा राजनीतिक पार्टीहरु अल्झेर विषयन्तर गरेको देखिन्छ ।

हुनत २०८९ मा प्रदेश र संघको निर्वाचन अगाडी मात्र स्थापना भएको स्वतन्त्र पार्टी नेपाल स्थापना भएपनि केही युवाहरुको आकर्षण त्यस पार्टीमा पनि बढेको देखिन्छ । विगतमा यस्ता पार्टीहरु खुल्ने अरुलाईं गाली गर्ने र अफ्नो पार्टी मात्र ठिक भन्ने जमातहरुले एकपछि अर्को गर्दै कालेको ठाउँमा गोरे, गोरेको ठाउममा काले सरकारमा परिवर्तन भए सरकारनै परिवर्तन पनि भए व्यवस्था अर्थात संविधान पनि पटक पटक परिवर्तन भयो तर जनताको अवस्था जाहाको त्यही रहेको छ । झन झन देशवाट युवा पलायन हुदै देश नै बृद्धाबृद्धाको देश मात्र हुन लागेको छ । यो देशमा राजनीतिक अस्थिरताको लामो कालखण्डले ल्याएको बिकृतिले जन्माएको समस्या हो ।

यसवाट मुक्त हुन राजनीतिक रुपमा आएका तुटीहरुलाई सुधार नगर्ने र शक्ति राष्ट्रहरुको निर्देशन बमोजिम मात्र चल्ने हो भने देशको नाम त रहला तर नेपाली समुदायको भविष्य सुनिश्चित हुने कुरामा निर्धक्क हुन सक्ने ठाउ छैन ।

यस्ता समस्यालाई सावधान गरेर देशको राजनीतिक अन्यौलताको अन्त्य गर्दै देशले ५ बर्ष १० बर्ष लगाएर के के कुरामा आत्मनिर्भर बन्ने सम्भावित क्षेत्रहरु पहिचान गरि काम थाल्ने र जनतामा परेको अन्यौलतालाई चिरेर जन विश्वास कायम गर्ने नीति तत्काल ल्याउन सक्नुपर्छ । तव मात्र देशका जनता ढुक्क हुन सक्नछन् र देशको मुहार फेर्न सकिन्छ । देशमा नै सवै नेपाली अटाउन सक्छन् । सम्भावनालाई अवसरमा बदल्न सक्छन् । यस्तो काम राजनीतिक गर्छु भनेर लागिरहेका व्यवस्थापिकामा निर्वाचित भएर गएकाहरुले छलफल गरेर जनताको पक्षमा काम गरे मात्र पलायन हुदै गएका युवापुस्ताहरु रोक्न सकिन्छ र नेपाल र नेपालीको अस्तित्व रहन सक्छ । यस्ता काम सम्बन्धि निकायले गरुण र देशमा बढ्दै गएको अन्यौलतालाई हटाउन ।


# मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु

काठमाडौं । काठमाडौंको सोह्रखुट्टेमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । काठमाडौं महानगरपालिका-१६ सोह्रखुट्टे उकालोमा आइतबार बा ४ ख ७४११ नम्बरको बसमा बा ६४ प ४९३२ नम्बरको मोटरसाइकल ठोकिँदा नुवाकोटका २३ वर्षीय शिवसुन्दर गजुरेलको मृत्यु भएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक नुवाकोट वेलकोटगढी नगरपालिका-९ घर भई हाल काठमाडौं बालुवाटार बस्ने गजुरेलको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले दुर्घटनामा गम्भीर घाइते भएका गजुरेलको उपचारका क्रममा नयाँ बजारस्थित पिपुल्स अस्पतालमा मृत्यु भएको जानकारी दिए ।

प्रहरीले बस र चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रवक्ता भट्टले बताए ।



# अन्तराष्ट्रिय समाचार

## मणिपुरमा महिलामाथि भएको दुर्व्यवहारमा आरोपित ६ जना पक्राउ

नयाँदिल्ली – भारतको मणिपुरमा महिलामाथि भएको दुर्व्यवहारमा संलग्नताको आरोपमा ६ जना पक्राउ परेका छन । मणिपुर प्रहरीका अनुसार शनिबार १ जनासहित हालसम्म ६ आरोपितलाई पक्राउ गरिएको हो । आरोपितमा १ जना नाबालिग पनि छन ।



मणिपुरमा केही महिनायता चर्किएको जातीय हिंसाका क्रममा कुकी समुदायका दुई महिलालाई निर्वस्त्र बनाएर घुमाइएको भिडियो सार्वजनिक भएको थियो । हिंसा भड्किएको दोस्रो दिन गत मे ४ मा उनीहरूमाथि दुर्व्यवहार भएको थियो भने एक युवतीमाथि सामूहिक बलात्कार भएको भन्दै उजुरी पनि दर्ता भएको छ । भिडियो सार्वजनिक भएपछि भारतभर आक्रोश फैलिएको थियो । मणिपुर प्रहरीले बाँकी आरोपितलाई पक्राउ गर्न सन्दिग्ध क्षेत्रमा छापा मारिरहेको बताएको छ । यस्तै, मणिपुरका विभिन्न जिल्लामा हिंसामा संलग्न भएका ३ सय ६ जनालाई पनि प्रहरीले पक्राउ गरेको छ ।

## चीनमा एक जिमखानाको छत भत्किँदा ११ जनाको मृत्यु

काठमाडौं । चीनमा एक जिम हाउस भत्किँदा ११ जनाको मृत्यु भएको छ । उत्तरपूर्वी क्षेत्रमा पर्ने हेइलोङचियाङ प्रान्तको किकिहार शहरमा जिम हाउसको छत भत्किंदा त्यसमा च्यापिएर ११ जनाको मृत्यु भएको हो । सो क्षेत्रमा भएको अत्यधिक वर्षापछि छत भत्किएको थियो । छत




भत्किने बेला जिम हाउसमा १९ जना थिए । चार जना जोगिन सफल भए पनि १५ जना भग्नावशेषमा च्यापिएका थिए ।

तीमध्ये ११ जनाको मृत्यु भएको र चार जना घाइते भएको बीबीसीले जनाएको छ । मृतकमध्ये धेरैजसो बालबालिका छन् । प्रहरीले जिम हाउस सन्चालकलाई पक्राउ परेको छ ।

## दिल्ली ट्राफिक प्रहरीले आइतबार एक हवलदारलाई निलम्बन गर्दा..

दिल्ली ट्राफिक प्रहरीले आइतबार आफ्ना एक हवलदारलाई निलम्बन गरेको छ । कोरियन भ्लगरसँग पाँच हजार घुस लिएको आरोपमा उक्त कारबाही गरिएको हो । कोरियन भ्लगरले यो घटनाको भिडियो आफ्नो युट्युब च्यानलमा अपलोड गरेका छन् ।

यस भिडियो सँगै भ्लगरले लेखेका छन् - त्यसैले तपाईंले भारतमा कार चलाउनु हुँदैन । भिडियोमा देख्न सकिन्छ कि कोरियन भ्लगर कारबाट कतै जाँदै गर्दा बाटोमा ट्राफिक प्रहरी जवानले रोक्छन् ।

यो हवलदारले केही पैसा मागे । प्रहरीले पाँच सय मागे होलान् भनेर भ्लगरले सोच्छन् तर उनले पाँच हजार भारु माग्छन् । भ्लगरले ५ हजार रुपैयाँ दिँदा प्रहरी हवलदार कुनै रसिद नदिई त्यहाँबाट हिँड्छन् । दिल्ली प्रहरीका पीआरओ सुमन नलवाले बीबीसीलाई भने - प्रहरीलाई निलम्बन गरिएको छ र विभागीय अनुसन्धान भइरहेको छ ।


FITVELY च्यानलको युट्युबमा १३ लाख सब्सक्राइबर छन् । उनले यो भिडियो अपलोड गर्दा यो क्लिप सामाजिक सञ्जालमा पनि शेयर भएको छ । ट्राफिक प्रहरीले ट्विटरमा यो क्लिपको प्रतिक्रिया दिएको छ ।

ट्राफिक प्रहरीको अफिसियल ह्यान्डलबाट लेखिएको थियो - सामाजिक सञ्जालमा पोस्ट गरेको सूचनालाई लिएर भिडियोमा देखिएका प्रहरीलाई निलम्बन गरिएको छ । भ्रष्टाचारमा प्रहरीको शून्य सहनशीलताको नीति छ ।

# डब्लुएफपीको नक्कली कार्यालयको नामबाट अर्बौको ठगी

काठमाडौं । ठगीमा संलग्न एउटा गिरोहले बूढानीलकण्ठमा संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय खाद्य सुरक्षा कार्यक्रमको नक्कली कार्यालय खडा गरेको भेटिएको छ ।

काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-५ मा विष्णुबहादुर गुरुङको दुई तले पक्की भवन भाडामा लिएर कार्यालय खोलेको जिल्ला प्रहरी परिसर, काठमाडौं र प्रहरी वृत्त, महाराजगञ्जले गरेको अनुसन्धानबाट देखिएको हो ।



काठमाडौं प्रहरी प्रमुख एसएसपी दानबहादुर कार्कीका अनुसार, डब्लूएफपीको नक्कली कार्यालय खोलेर ठगी गरेको पाइएपछि दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक घर भई गोकर्णेश्वर नगरपालिका बस्ने ४७ वर्षीय घनश्याम कटवाल र मकवानपुरको बागमती गाउँपालिका-९ घर भई बूढानीलकण्ठ-५बस्ने ४० वर्षीय दिनेश भनिने लीलाबहादुर घलान छन् ।

यसमा संलग्न मकवानपुरको भीम भोलन, मिलन तामाङ, पेम्बा तामाङ लगायत फरार छन् । प्रहरीका अनुसार, उनीहरुको साथबाट राष्ट्रिय झण्डा, डब्लूएफपीको लेटर प्याड लगायतका सामग्री पनि बरामद भएको प्रहरीका अनुसार, उनीहरुले १ जेठ २०८० देखि डब्लूएफपीको नक्कली कार्यालय खडा गरेको भेटिएको छ । एसएसपी कार्कीका अनुसार, जयराम केसी नाम राखेर घनश्याम कटवालले आफैंलाई उपसचिव घोषणा गर्दै कार्यालयमा प्रमुखका रुपमा बसेको पाइएको छ ।

**ठगीमा संलग्नहरुले प्रयोग गरेको डब्लुएफपीको नक्कली लोगो ।**

‘उनले पेम्बा तामाङलाई शाखा अधिकृत, आकाश राईलाई जनसम्पर्क अधिकृत र दिपेश गुरुङलाई प्राविधिक इञ्जिनियर भनेर राखेका छन्’, कार्कीले भने, ‘तर यी सबै फेक नाम हुन् ।’ दिपेशको सक्कली नाम भीम भोलन र आकाशको मिलन तामाङ सक्कली नाम हो ।

प्रहरीका अनुसार, उनीहरुले डब्लूएफपीको नाममा एक पत्रिकामा विभिन्न सामग्रीका लागि टेण्डर खुलाएका थिए । फर्निचर, कम्प्यूटर लगायतका सामग्रीका लागि बोलपत्र खुलाएर ६ करोड ५० लाख रुपैयाँ बराबरको रकम नतिरेपछि पीडितहरु प्रहरीसम्म पुगेका थिए ।

त्यसक्रममा प्रहरी वृत्त, महाराजगञ्जको टोलीले छानबिन थाल्दा कार्यालय नै नक्कली भएको पाइएको थियो । एसएसपी कार्कीका अनुसार, यो गिरोहलाई पत्याएर शंकर अर्यालले आफ्नो गाडी भाडामा दिएका थिए । उनीबाट गिरोहले ६ लाख १२ हजार ५ सय रुपैयाँ ठगी गरेको छ ।

घर धनी विश्वबहादुर गुरुङले पनि प्रति महिना १ लाख ८० हजार रुपैयाँका दरले भाडा दिने भन्दै ठगी गरेको व्यहोरासहित प्रहरीसमक्ष जाहेरी दिएका छन् । बोलपत्र पत्रिकामा पढेर दरखास्त दिएर डेस्कटप कम्प्युटर, ल्यापटप लगायतका सामानहरु दिँदा हरिप्रसाद अर्याल पनि ठगिएका छन् । उनको ४८ लाख रुपैयाँ बराबरको बोलपत्र स्वीकृत भएको पत्र नक्कली कार्यालयको लेटर प्याडमा दिइएको थियो ।

उक्त कार्यालयका लागि नवराज पाण्डेबाट ८५ लाख रुपैयाँ बराबरको स्टेशनरी सामान लगेको पाइएको छ । कार्यालय स्थापनाका लागि भन्दै दिपेन्द्र धरेलको पसलबाट कार्पेट, पर्दा, कुर्सी, टेबल, दराज लगायतका सामानहरु गरेर १५ लाख ६० हजार ३ सय रुपैयाँ बराबरको सामान फिट गर्न लगाएको समेत पाइएको छ ।

गणेश शाहले युनिफर्मको कपडा र खाद्यान्न टेन्डरवापत राखेको ११ लाख २७ हजार रुपैयाँ पनि गुमेको छ । विष्णु अर्यालले आफ्नो कार गिरोहले भाडामा लगेर ठगेको भन्दै जाहेरी दिएका छन् । हाल प्रहरी नियन्त्रणमा रहेका कटवाल यसअघि पनि ठगीमा संलग्न रहेको अधिकृतहरु बताउँछन् ।

एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको नेपालस्थित प्रमुख रहेको भन्दै करोडौं ठगी गरेको आरोपमा प्रहरीको तत्कालिन महानगरीय अपराध महाशाखाको टोलीले उनलाई २६ असार २०७७ मा पनि पक्राउ गरेको थियो । त्यसबेला उनले टोखाकी हिरामाया तामाङलाई ग्रामीण विकास परियोजना अनामनगरमा ५ करोड रुपैयाँको ठेक्का परेको र त्यसमा ५० प्रतिशत हिस्साको पार्टनर बनाउने भन्दै २० लाख रुपैयाँ ठगी गरेको आरोप थियो । उनले अन्य व्यक्तिबाट पनि अहिलेको जस्तै शैलीमा कम्तीमा एक करोड रुपैयाँ ठगी गरेको प्रहरीको निष्कर्ष थियो ।

छुटेपछि उनी फेरि ठगीमै संलग्न भएको पाइएको प्रहरी अधिकृतहरु बताउँछन् । एसएसपी कार्कीका अनुसार, उनले तराईका विभिन्न जिल्लामा आफू पूर्वप्रमुख जिल्ला अधिकारी, पूर्वप्रहरी महानिरीक्षकदेखि पूर्वसचिव र उपसचिव हुँ भन्दै ठगी गरेको समेत पाइएको छ ।

‘हाल उनलाई भक्तपुरबाट पक्राउ गरेर ठगीसम्बन्धी कसूरमा अनुसन्धानका लागि ५ दिन म्याद लिएका छौं’, एसएसपी कार्की भन्छन् ।

# बाजुरामा एम्बुलेन्स सेवाको अभाव

बाजुरा । बाजुरामा एम्बुलेन्स नहुँदा बिरामीलाई समस्या भएको छ । एम्बुलेन्स चाहिने सिकिस्त बिरामीलाई पनि बस तथा जिपमा अस्पताल लैजाने गरिएको छ ।

जिल्ला अस्पताल बाजुराको एउटा, बूढीगंगा नगरपालिका २ वटा एम्बुलेन्स र बडीमालिका नगरपालिकाको एउटा एम्बुलेन्स बिग्रेको छ । ती एम्बुलेन्स बिग्रेका धेरै समय भइसक्दा पनि पालिकाले नयाँ खरिद गर्ने तथा मर्मतमा कुनै ध्यान दिएको छैन् ।

हिमाली गाउँपालिका र स्वामीकार्तिक खापर गाउँपालिका एम्बुलेन्स भने गाउँपालिकामै छन् । मार्तडी कोल्टी सडकखण्ड वर्षाले बिग्रिएकाले पालिकामै थन्किएका छन् ।

जिल्ला अस्पताल बाजुराको एम्बुलेन्सले केही सहजता दिएको थियो, त्यो पनि पटक पटक बिग्रने भएका कारणले बिरामीले निकै समस्या भएको स्थानीयबासिन्दाले वताएका छन् ।

एम्बुलेन्स नहुँदा बिरामी मात्र नभइ गर्भवती तथा सुत्केरीलाई पनि जिप तथा बसमा उपचारमा लैजानु परेको बूढीगंगा नगरपालिका स्वास्थ्य संयोजक दीपक शाहले वताएका छन् ।

एम्बुलेन्स भएको भए स्वास्थ्य चौकीमा बिरामी लैजान सहज हुने गरेको थियो, एम्बुलेन्स नहुँदा अक्सिजन चाहिने बिरामीलाई निकै समस्या भएको स्वास्थ्यकर्मीले वताएका छन् ।

# 'यात्री' पुरस्कार बाट चटौत र शर्मा सम्मानित

काठमाडौ । पूर्ण प्रकास नेपाल ''यात्री'' अध्ययन तथा अनुसन्धान केन्द्रद्वारा साहित्यकार एवम् अन्वेषक पूर्णप्रकास नेपाल यात्रीको ९० औं जन्म जयन्तीको अवसरमा साहित्यकार आर.डी प्रभास चटौत तथा कवयित्री एवम् समालोचक गार्गी शर्मालाई यात्री वाङ्मय पुरस्कार तथा श्रीराम नेपाल र गीता ढुङ्गानालाई यात्री विद्यापदक द्वारा सम्मानित गरिएको छ ।

पद्मकन्या क्याम्पसको डेनिश हलमा आयोजित कार्यक्रममा पूर्ण प्रकास नेपाल यात्री अध्ययन तथा अनुसन्धान केन्द्रका अध्यक्ष शैलेन्दु प्रकाश नेपालको अध्यक्षता तथा राष्ट्रवादी चिन्तक पूर्व मंत्री एवं राष्ट्रीय शक्ति नेपालका संयोजक केशरबहादुर बिष्टको प्रमुख आतिथ्यता एवं सम्मानित व्यक्तित्व साहित्यकार आर.डि. प्रभास चटौत तथा तथा कवयित्री एवम् समालोचक गार्गी शर्मा तथा पद्मकन्या क्यामपस नेपाली बिभाग प्रमुख डा.अम्बिका अर्याल का साथै यात्री वाङ्मय पुरस्कार प्राप्त गर्न सफल श्रीराम नेपाल र गीता ढुङ्गाना लगायत सयौं जनमानसको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि केशरबहादुर बिष्ट द्वारा साहित्यकार तथा कोशकार आर.डी. प्रभास चटौत तथा साहित्यकार गार्गी शर्मा तथा श्रीराम नेपाल र गीता ढुङ्गानालाई प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा संस्थाको अध्यक्ष शैलेन्दु प्रकाश नेपाललाइ संस्थागत गतिविधिका बारेमा प्रकाश पारेका थिए भने सम्मानित ब्यक्तित्व चटौतले अनुसन्धाता तथा वरिष्ठ साहित्यकार पूर्णप्रकाश नेपाल यात्रीको संस्मरणमा स्थापित "यात्री वाङ्मय पुरस्कार" बाट यसअघि राष्ट्रकवि माधव घिमिरे, वाङ्मयीय शताब्दी पुरुष सत्यमोहन जोशी, भाषा शास्त्री बालकृष्ण पोखरेल जस्ता विराट् व्यक्तित्व सम्मानित र पुरस्कृत भैसक्नु भएको गरिमामय पुरस्कारबाट आफू पनि सम्मानित हुन पाउँदाको क्षण सम्भदा भावविभोर हुदै त्यस्ता यशस्वी ब्यक्तित्वको नामबाट आफू समेत पुरस्कृत हुन पाएकोमा आफूले देश र समाजको लागि थोरै भएपनि सुकर्म गरेको रहेछु भन्ने बोध भएको र आफ्नो आगामी कर्म सम्पूर्ण रुपमा देश र समाजका लागि रहने बताएका छन् ।




उक्त कार्यक्रममा सम्मानित अर्का ब्यक्तित्व कडेलले नेपाली भाषा साहित्य तथा अन्वेषणका क्षेत्रमा पूर्णप्रकाश नेपाल''यात्री '' का बारेमा प्रकाश पार्दै प्राप्त पुरस्कारले आफूलाई उत्साहित बनाएको विचार व्यक्त गर्दै यात्रीको ९० औं जन्म जयन्तीका अवसर पारेर आफूलाई यात्री बाङ्मय पुरस्कार बाट सम्मानित गरिएकोमा हार्दिक आभार व्यक्त गरेकी छन् ।

उक्त कार्यक्रममा पद्मकन्या क्याम्पसकी नेपाली बिभाग प्रमुख डा. अम्बिका अर्यालद्वारा पुरस्कृत ब्यक्तित्वका बारेमा चर्चा गरिएको थियो ।

प्रमुख अतिथिको भूमिका निर्वाह गरेका राष्ट्रवादी चिन्तक पूर्व मंत्री एवं राष्ट्रीय शक्ति नेपालका संयोजक केशरबहादुर बिष्टले साहित्यिक क्षेत्रका बिराट ब्यक्तित्वहरुलाई आफ्नो हातले सम्मानित गर्न पाउनु गौरवको बिषय भएको महशुष गरेको बताउंदै मानवशास्त्री र भाषाशास्त्रीका रुपमा रहेका पूर्ण प्रकास नेपाल ''यात्री'' अध्ययन तथा अनुसन्धान केन्द्र र डोरबहादुर बिष्ट फाउन्डेशनका बीचमा सहकार्य गर्दै भाषा कला र साहित्यका क्षेत्रमा संयुक्त रुपमा कार्यक्रमको आयोजना गर्न सकेको खण्डमा त्यसको प्रभावकारीता गुणात्मक रुपमा बृद्धि हुने बिचार ब्यक्त गर्दै राष्ट्रीय भावनालाई जनमनमा कसरी बृद्धि गर्दै लैजान सकिन्छ भन्ने बिषयमा बिमर्श गरेका थिए दुर्गाप्रसाद नेपालद्वारा आकर्षक रुपमा संचालित उक्त कार्यक्रम सभ्य एवं भव्य रुपमा सम्पन्न गरिएको थियो ।

# गायिका पन्तले गरिन संगीतकार उपाध्यायको प्रसंसा

काठमाडौ । योगेन्द्र उपाध्यायको संगीत रहेको गीत 'महशुश गर' सार्वजनिक गरिएको छ । सार्वजनिक गीतमा डा. बिनु बाबा अर्यालको शब्द र चर्चित गायिका अन्जु पन्तको स्वर रहेको छ । प्रेमभावको गीतबारे प्रतिक्रिया



दिदै गायिका पन्तले संगीतकार उपाध्यायको खुलेरै प्रसंसा गरेकी छिन । आफुले लामोसमयको अन्तरालमा उत्कृष्ट संगीतमा स्वर दिन पाएको भन्दै संगीतकार उपाध्यायको तारिफ गरेकी हुन् । गायिका पन्तले गीत उत्कृष्ट बन्न संगीतकारको अहम् भूमिका रहने भन्दै आफुले नयाँ पुस्ताका संगीतकार मा उपाध्यायलाई निकै अब्बल पाएको जनाइन । गायिका पन्तले यसअघि उपाध्यायको संगीतमा 'सँगै हिडौन', 'जून हौ तिमी' जस्ता गीतमा स्वर दिएकी थिइन ।

यस्तै संगीतकार उपाध्यायले अञ्जु पन्त जस्तो सफल गायिकाले आफुलाई विश्वास गरिदिनु नै आफ्नो सफलता भएको भन्दै गीतकार डा. अर्यालका गहन शब्दले गीतलाई उत्कृष्ट बन्न सहयोगी भूमिका खेल्ने विश्वास लिए ।

यता गीतकार डा. अर्यालले योगेन्द्रको जादुमयि संगीतले आफुलाई सधै मोहित तुल्याउने बताएकी छिन । उनले हरेक कोणबाट योगेन्द्रका सृजना उत्कृष्ट हुने भन्दै उनको संगीतमा काम गर्ने इच्छा सधै उस्तै ताजा रहने बताइन ।

# स्रष्टा र सिर्जना

## शान्तमुरारिको 'मुस्कुराउने फूल (गजल तथा गीत सङ्ग्रह)



**तेजप्रकाश बानियाँ**
**पूर्व सहायक रथि**

१. अहिले नेपाली साहित्यका क्षेत्रमा अनेकौं खाले पुस्तकहरू प्रकाशित भइरहेका छन् । यसो विचार गर्दा, एक प्रकारको होडबाजी नै चलेको छ । यसै सन्दर्भमा भत्रुपर्दा आजकल गजल विधाको पाठकहरूको सङ्ख्यामा बृद्धि हुनुको साथै गजलको लोक प्रियता पनि बढ्दै गएको छ । नयाँ गजल प्रेमीहरूको संख्या बढ्दै गएको छ । विमोचनकै क्रममा गजलकार शान्तमुरारिको 'मुस्कुराउने फूल' शीर्षकको गजलको पुस्तक (गजल तथा गीत) मेरो हात परेकाले यसै बारे केही लेखने धृष्टता गरेको छु ।

भाषा पनि जीवित प्राणी सरह समय सापेक्ष आफैं परिमार्जित हुदै जाने कुरा हो । गजल शब्द उर्दु कवितामा सशक्त सङ्गीताात्मक काव्य रूप हो । यो फारसीमा जन्मिएर हुर्कदै जादा देश विदेश घुम्ने क्रममा ती देशहरूमा परेको सकारात्मक प्रभाव फैलिएर उर्दु, हिन्दी हुँदै आजको अवस्थामा नेपाल आइपुगेको हो । गजल आयातीत विधा भएर पनि नेपाली साहित्यमा जन्मसिद्ध विधाको स्थान ओगट्न सफल भएको छ। शुरूका दिनहरूमा माया प्रेम, प्रेमी र प्रेमिका बीच हुने वार्तालाप जस्ता कुरामा गजलको भाषा प्रयोग गर्ने भनिएता पनि सूचना प्रविधिको तीब्र विकास र विश्व ब्यापीकरणले सारा विश्व एउटा गाउँ समान भएकोले जुन भाषामा जे विधा पनि लेख्न थालिएको छ ।

२. गजलकार शान्तमुरारिको जन्म वि. सं. २०३४ साल कार्तिक ७ गते हालको ठेगाना अनुसार चन्द्रागिरि न. पा. वडा नं ८ मातातीर्थ, काठमाडौंमा भएको हो । पिता मुरारि प्रसाद रिजाल र माता शान्तादेवी रिजालको सुपुत्रको रूपमा जन्मनु भएका उहाँको बाल्य कालमा पिताका साथ बित्यो । उहाँले कखहरा घरबाटै सिक्नु भयो । पछि १ देखि ३ कक्षासम्म जन विकास मा.वि.मातातीर्थमा अध्ययन गरी कक्षा ४ देखि प्रविणता प्रमााण पत्र तह सम्मको अध्ययन वीरेन्द्र सैनिक आवासीय महाविद्यालय, भक्तपुरबाट पूरा गर्नु भएको छ । शिक्षा आर्जनकै क्रममा त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघरबाट विज्ञानमा स्नातक गर्नुका साथै, महेन्द्र रत्न क्याम्पस, ताहाचलबाट शिक्षा शास्त्रमा स्नातकोत्तर गर्नु भएको छ ।

३. शिक्षकले देखाएको बाटो अनुसार बालबालिकाको भविष्य निर्धारण हुने भएकोले समाजलाई मर्यादित बनाएर देशलाई समृद्ध पार्न आवश्यक असलना गरिक र हरेक क्षेत्रका विज्ञहरू उत्पादन गर्ने शिक्षण जस्तो महत्वपूर्ण पेसा अँगाल्नु भएका सर्जकले साहित्य साधनालाई शोखको रूपमा लिनुभएको छ। उहाँको पहिलो साहित्यिक कोसेलीको रूपमा तयार भएको 'मुस्कुराउने फूल' शीर्षकको गजल तथा गीत सङ्गह मेरो हात




पऱ्यो । आहा ! कति राम्रो पुस्तक ।

४. उहाँले बढो मिहिनेतका साथ बौद्धिक खुराकको रूपमा प्रस्तुत गर्नु भएको गजल र गीतहरू स्तरीय, चोटिला र पोटिला छन् । २६० पेजको पुस्तकलाई आधा आधि पारी पहिलो खण्डमा १२४ गोटा गजल र दोश्रो खण्डमा १२६ गोटा गीतहरू समाविष्ट गरिएका छन् । गजलहरू स्वतन्त्र छन् । अधिकांश गजलहरू माया प्रेम र शृङ्गारसँग सम्बन्धित छन् । उहाँका गजलहरूमा देशप्रेम, देशको सुरक्षा, वैदेशिक रोजगार, कृषिप्रधान देशमा कृषि उत्पादनको नगन्यता, जालभेल र सत्तालिप्साको राजनीति, पुर्खाको गौरव, देशको प्रकृति एवम् सुन्दरता, शुभकामना, बाल, अध्यात्म, शोक, ईश्वर भक्ति, कुण्ठा आदि विषयहरू पनि समेटिएका छन् ।

५. अन्त्यमा, शिक्षण जस्तो व्यस्त र जिम्मेवार पेसामा रहेर पनि पहिलो प्रयासमा यो पुस्तक पाठकको हातमा पुऱ्याउनु सजिलो कुरा होइन । यो पुस्तक गजल प्रेमी र गजल लेखकहरूका लागि पठनीय र सङ्ग्रहनीय छ । शान्त मुरारि पहिलो प्रयास बाटै, सफल गजलकार बत्रु भएको छ । नेपाली साहित्यमा उदाउदो ताराको रूपमा देखा पर्नु भएकैं छ । उहाँको उज्वल भविष्यको कामना गर्दछु ।

# शिव परियारको गीति एल्बम 'तिमी र म' सार्वजनिक

लोकप्रीय गायक तथा संगीतकार शिव परियारको एकल स्वर तथा संगीतमा तयार भएको गीति एल्बम "तिमी र म" विमोचन गरिएको छ ।

काठमाडौंमा एक कार्यक्रम आयोजना गरि गीति एल्बम 'तिमी र म' कवि तथा गीतकार सागर फुयालको एकल शब्द संग्रहित एल्बम हो ।

नेपाल स्रस्टा समाजका अध्यक्ष ओम श्रेष्ठ "रोदन", रचना द्विमासिकका सम्पादक प्रतीक घिमिरे संगै उक्त सांगीतिक संग्रह बिमोचनको कार्यक्रम शब्दाङ्कुर मासिकका प्रधान सम्पादक धीर कुमार श्रेष्ठ, उक्त गीतका गायक ,सङ्गीतकार शिव परियार, गीतकार सागर फुयाल, अभिनेत्री मिरुना मगर, अभिनेता अनुप बिक्रम शाहीले संयुक्त रूपमा "तिमी र म" विमोचन गर्नुभएको थियो ।

यस एल्बममा ६ ओटा गीतहरु समावेश भएको छ । समावेश गीतको बोलहरु 'तिमी हौ सबथोक मेरो', तिमी र म अनि शीतल धुन, मेरो ज्यान भन्छ्यौ भने, हाम्रो माया एक नदीको दुई किनार, जिउन मन छैन अधर तिम्रो नहेरी र तिमी फूल हौ सुगन्ध छर्नु पर्छ तिमीलले जस्ता गीतहरु समावेश छ ।

विमोचन कार्यक्रममा उक्त सांगीतिक संग्रहमा समावेश गरिएको 'तिमी हौ सबथोक मेरो'बोलको गीतको भिडियो सार्वजनिक गरिएको थियो । यस भिडियोमा अभिनेता अनुप बिक्रम शाही र अभिनेत्री मिरुना मगरको अभिनय रहेको छ । भिडियोलाई अहिलेका चर्चित म्युजिक भिडियो निर्देशक निकेश खड्काले निर्देशन गरेका हुन् भने अहिलेका बेस्त छायाँकार हरि हुमागाईंले छायाँकन गरेका छन् ।



# विद्यार्थीले डोको, कुचो, नाम्लो र दाम्लो, मान्द्रो, सुइटर बुन्न सिक्दै

रोल्पा – प्रायः विद्यालयमा पढाइबाहेक अतिरिक्त क्रियाकलापमा के-के सिकाइन्छ ? हाजिरीजवाफ, वक्तृत्वकला, निबन्ध लेखन, यस्तै यस्तै । यहाँस्थित एक विद्यालयले छात्रछात्रालाई घरेलु उपयोगका सामग्री बुन्न सिकाइरहेको छ । नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्ने उद्देश्यले रोल्पा नगरपालिका-६ धाबाङस्थित आधारभूत विद्यालयले विद्यार्थीलाई डोको, कुचो, नाम्लो र दाम्लो, मान्द्रो, सुइटर बुन्न र गाउने सीप सिकाउने गरेको हो ।



घरेलु उपयोगका सामग्री बुन्ने सीप गाउँबाटै हराउन थालेपछि हरेक शुक्रबार एक घण्टीमात्रै पढाएर इच्छुक विद्यार्थीलाई सीप सिकाउन थालिएको प्रधानाध्यापक विशाल केसीले बताए । 'सिपालु अभिभावक बोलाएर सिकाउने व्यवस्था मिलाएका छौं,' उनले भने, 'अघिल्लो पुस्ताले जानेको सीप पछिल्लो पुस्तालाई सिकाउने उदेश्य हो ।'

छात्रालाई सुइटर, मोजा, पन्जा, ब्यागलगायत सामग्री बुन्ने सीप सिकाउने गरिएको छ । परम्परागत सामान बनाउने सीप सिक्न विद्यार्थीले चासो दिने गरेका छन । सीपको वृद्धि गर्न विद्यार्थीले आफैं सामग्री उत्पादन गर्नुपर्ने र शिक्षकको सहयोगमा समुदायमाझ लगेर बिक्री पनि गर्नुपर्नेछ । त्यसबाट एकातिर सीपको हस्तान्तरण हुनेछ भने अर्कातिर विद्यार्थीले मिहिनेतअनुसार आर्थिक उपार्जन गर्नेछन।

डोको बुनाइमा कक्षा ६ देखि ८ सम्मका २१ छात्र छन । सुइटर बुनाइमा कक्षा ६ देखि ८ सम्मका ३० छात्रा छन । गायन सिक्नेमा २० छात्रछात्रा छन । डोको बुन्न सिकाउन अभिभावक हिमलाल वली र खड्कबहादुर खत्री खटिएका छन ।

सुइटर बुन्न सिकाउनेमा शिक्षिका जुनकुमारी विक र अनिता पुन छन । बालबालिकालाई स्थानीय कलाकार शेरबहादुर घर्तीमगरले साप्ताहिक रूपमा संगीत शिक्षा र गायन सिकाउने गरेका छन ।

'घरमा हजुरबा र बाले डोको बुनेको देखेको थिएँ, अहिले म आफैंले सिक्न पाएँ,' कक्षा ८ का खड्कसिंह वलीले भने, 'विद्यालयमै सीप सिकाउने व्यवस्था मिलेकाले खुसी लागेको छ ।'

कक्षा ८ की छात्रा हिमकुमारी वलीले विद्यार्थीलाई पढाइका अतिरिक्त अन्य सीप विद्यालयमै सिकाउने गरिएकामा खुसी लागेको बताइन् । सुइटर, पन्जा, ब्याग बुन्नका लागि ऊन, धागोजस्ता कच्चा पदार्थ जुटाउन वडा कार्यालयले सहयोग गरेको छ । यसैगरी बाँस, निगालो जस्ता स्थानीय वस्तु अभिभावकले उपलब्ध गराउने गरेका छन ।

विद्यालयमा मासिक रूपमा भित्ते पत्रिका पनि प्रकाशित हुँदै आएको छ । विद्यार्थीले आफ्ना रचना र सिर्जना समेटेर सृष्टि बालभित्ते पत्रिका प्रकाशित गर्दै आएका छन । बालभित्ते पत्रिकाका प्रधानसम्पादक रहेका छात्र खड्कसिंह वली भन्छन्, 'गुरुहरूकै सहयोगमा हामीले पत्रिका प्रकाशित गर्न सक्यौं । यसबाट हाम्रा सिर्जना प्रस्फुटित हुने अवसर मिलेको छ ।'

पत्रिकामा सम्पादकीयसहित बालबालिकाले तयार पारेका समाचार, कथा, कविता, सामान्य ज्ञान, कार्टुन, निबन्ध/प्रबन्ध र सूचना छापिन्छन । प्रधानाध्यापक केसीले विद्यालयमा नियुक्ति लिएर आएका नयाँ शिक्षक कृष्ण घर्तीमगरको संयोजनमा विभिन्न सिर्जनात्मक गतिविधि थालिएको बताए । शिक्षक घर्तीमगरले विद्यार्थीमा सिर्जनात्मकता ल्याउने उद्देश्यले डोको बुन्ने, भित्ते पत्रिका छाप्ने र संगीत शिक्षा सिकाउने अभियान थालिएको सुनाए । 'विद्यार्थीले सबै सीप सिक्न सकून् भनेर विद्यालयमै विभिन्न सीप सिकाउने गरिएको हो,' उनले भने, 'यो कार्यमा विद्यालय प्रशासन र अभिभावकको सहयोग छ ।' घर्तीमगरले शिक्षक हुनुअघि गैरसरकारी संस्थामार्फत शिक्षा क्षेत्रमा काम गर्दा सिकेको सीपलाई विद्यार्थीमाझ लैजाने अभियान थालेको बताए ।

०३२ सालमा स्थापित सदरमुकाम लिबाङ नजिकैको उक्त विद्यालय पुरानो भएर पनि शैक्षिक उपलब्धिमा अगाडि बढ्न सकेको थिएन । अब अगाडि बढ्ने विश्वास भएको अभिभावक खड्कबहादुर खत्री बताउँछन । हाल विद्यालयमा करिब ४ सय विद्यार्थी छन । आधारभूत तहसम्म पढाइ हुने उक्त विद्यालयको भौतिक अवस्था कमजोर रहेको अभिभावकको गुनासो छ । रोल्पा नगरपालिका-६ का वडाध्यक्ष तुलबहादुर घर्तीमगरले सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउन विशेष सक्रियता बढाएको बताए ।

# बीएमडब्लूको इलेक्ट्रीक एसएभी 'आईएक्स-३' नेपालमा

काठमाडौं । जर्मन प्रिमियम कार ब्राण्ड बीएमडब्लूको आइएक्स-३ नेपालमा सार्वजनिक भएको छ । नेपालमा पेट्रोलबाट चल्ने मोडल एक्स-३ को सफलता पछि लक्ष्मी प्रिमियम मोटर्सले प्योर इलेक्ट्रीक मोडल आईएक्स ३ नेपाल ल्याएको हो ।




बीएमडब्लूको स्पोर्टस् एक्टिभिटी भेहिकल (एसएभी) आईएक्स-३ विश्व बजारमा कम्पनीको सर्वाधिक बिक्री हुने मोडल हो । नेपाली बजारमा पनि विश्व बजारको जस्तै सफलता मिल्ने कम्पनीको दावी छ ।

हामीले नेपालमा विगत ३ वर्षदेखि बीएमडब्लूका प्रिमियम उत्पादन बिक्री गर्दै आएका छौं । नेपालमा बढ्दो विद्युतीय कारको बजारलाई ध्यानमा राख्दै सून्य कार्वन उत्सर्जन गर्ने विद्युतीय भेहिकलको माग बमोजिम अल-इलेक्ट्रीक एसएभी आईएक्स-३ सार्वजनिक गरेको उल्लेख छ ।

निकै प्रिमियम फिचर, सुरक्षामा अब्बल र उत्कृष्ट रेन्ज आईएक्स-३ को बलियो पक्ष हो । ८० किलोवाट पावर क्षमताको लिथियम आयोन ब्याट्री, २१० किलोवाट क्षमताको रियर ह्वील ड्राइभ मोटर यसमा पाउन सकिन्छ । कम्पनीले यसमा ५.० इ-ड्राइभ टेक्नोलोजी प्रयोग गरेको छ । यसको अधिकतम पावर २८५ पीएस र टर्क ४०० न्यूटन मिटर रहेको उल्लेख छ ।

यसमा रहेको ८० किलोवाट आवरको ब्याट्रीले सिंगल चार्जमा ४६० किलोमिटर रेन्ज प्रदान गर्ने डब्लूएलटीपीको परिक्षणले प्रमाणित गरेको छ । उक्त ब्याट्रीलाई १५० किलोवाट क्षमताको डिसी चार्जरले ३४ मिनेटमा सून्यबाट ८० प्रतिशत चार्ज गर्ने क्षमता राख्छ ।

यात्रालाई अस्मिरणीय बनाउन म्यूजिकको लागि १६ वटा स्पीकर प्रयोग गरिएको छ । हर्मोन कार्डनको साउन्ड सिस्टम भएको कारण यसमा संगितको उत्कृष्ट अनुभव लिन सकिन्छ ।

पानारोमीक ग्लास रुफको प्रयोग गरिएको कारण दिन र रातको समयमा खुल्ला आकासको दृश्यावलोकन गर्न सकिने छ । त्यसले कारलाई थप लक्जरी बनाएको छ । यसको ड्यासबोर्डमा १२.३ इन्चको पूर्ण डिजिटल क्लष्टर र १२.३ इन्चकै इन्फोटेन्टमेन्ट सिस्टम रहेको छ । वायरलेस एप्पल कारप्ले र एन्ड्रोइड अटो, स्पोर्टी सिट, लेदर र्याप गरिएको थ्री स्पोक स्टेरिङ ह्वील, एम्बीयन्ट लाइटको कारण क्याविनले निकै प्रिमियम फिल गराउने छ ।

भित्र जति सुन्दर क्याविन छ, बाहिर पनि आईएक्स-३ त्यति नै सुन्दर छ । स्टाइलिस डिजाइनमा तयार भएको एसएभीमा २० इन्चको एरोडायनामीक ह्वील पाउन सकिन्छ । बीएमडब्लू अटोमोटीभ क्षेत्रमा पृथ्क र नविन उत्पादनको लागि परिचित र अग्रणी कम्पनी हो । आफ्ना प्रत्येक उत्पादनमा दिगो इको सिस्टम निर्माण, असाधारण ड्राइभिङ्ग अनुभव प्रदान र वातावरणीय फुटप्रिन्टमा आफुलाई अब्बल बनाउँदै आएको छ । त्यसकै परिणाम स्वरुप कम्पनीले ब्याट्री प्रविधि मार्फत दिगो वातावरण संरक्षणमा भूमिका खेलिरहेको छ ।

नविकरणीय स्रोतहरूको चयन, ऊर्जा क्षेत्रमा कुशल प्रणालीको विकास र वातावरण सुधार तथा सुन्दर भविष्य निर्माण गर्ने आफ्नो प्रतिवद्धतालाई आईएक्स-३ ले पूर्ण गरेको छ ।

काठमाडौंको तीनकुनेमा सुविधा सम्पन्न शोरुम संचालन गरिरहेको लक्ष्मी प्रिमियम मोटर्सले २०२० देखि बीएमडब्लूका बिभिन्न उत्पादन बजारमा उपलब्ध गराउँदै आएको छ । कम्पनीको प्रोडक्ट लाइन BMW X1 sDrive18i, BMW X3 xDrive 20i, BMW X5 xDrive45e -PHEV_, BMW 5 Series -PHEV_ and BMW 7 Series उपलब्ध छन् ।

पेट्रोलियमबाट चल्ने एक्स ३ मा बलियो उपस्थिति बनाएको बीएमडब्लूले आईएक्स-३ को सहयोगले प्रिमियम इलेक्ट्रीक भेहिकल सेगमेन्टमा पनि आफुलाई बलियो बनाउने अपेक्षा कम्पनीले गरेको छ ।

# टाटा टियागो गाडीको अधिक विक्री, यस्तो छ कमाल

काठमाडौं । भारतको अग्रणी टाटा मोटर्सले टाटा टियागो (ह्याच ब्याक) मोडलका ५ लाख वटा गाडीहरु बिक्री गर्न सफल भएको छ । सन् २०१६ मा बिक्री सुरु गरिएको यस गाडीले ७ वर्षको छोटो अवधिमै यो सफलता हासिल गरेको कम्पनीले जनाएको छ ।

उल्लेखित कुल ५ लाखमध्येका एक लाख गाडी केवल १५ महिनामा बिक्री भएको थियो । कम्पनीका अनुसार टियागोले "नेट प्रोमोटर स्कोरमा" पनि ५१ अंक हासिल गरेको छ जुन अन्यको तुलनामा सबैभन्दा उच्च हो ।

टाटा टियागोले विगत केही वर्षहरुमा अटोमोबाइल क्षेत्रले प्रदान गर्ने ४० भन्दा बढी पुरस्कारहरु समेत जितिसकेको छ । टियागो गाडी आरामदायी, आकर्षक, बलियो बनावट एवं सुरक्षाको दृष्टिकोणले अब्बल रहेको कम्पनीले दाबी गरेको छ । सन् २०२० को जनवरीमा यस गाडीले सर्वोत्कृष्ट सुरक्षाका लागि ग्लोबल एनसीएपीद्वारा पाँच-तारे गाडीको मान्यता समेत प्राप्त गरेको थियो ।

नेपाली बजारमा पनि टाटा टियागोको बजार तीव्र ढंगले बढेको कम्पनीले बताएको छ । नेपालमा हाल उपलब्ध ह्याचब्याक मध्ये सुरक्षित तथा बलियो गाडीमा पर्ने टाटा टियागो सर्वाधिक बिक्री हुने गाडीमा पर्न सफल भएको कम्पनीको भनाइ छ । टाटा मोटर्सको नेपालस्थित आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङका अनुसार यो वर्गमा महिला ग्राहकहरुको संख्या पनि उल्लेख्य रहेको कम्पनीले बताएको छ ।




## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस